'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २३५ ★ ने. सं. ११४६ ञला थ्व, चतुर्थी ★ मङ्गलबार ★ ३० भदौ, २०८३ ★ September 15, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## इमानदार, अनुशासित र जिम्मेवार विद्यार्थीले सभ्य तथा सुसंस्कृत समाज निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने

भक्तपुर, २९ भदौ । ६२ औँ बाल दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा 'मेयरसँग बालबालिका' कार्यक्रम सोमबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बालबालिकाले प्रत्यक्ष संवाद गर्दै विभिन्न विषयमा जिज्ञासा तथा प्रश्न राखेका थिए ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर देशकै बढी जनघनत्व भएको तथा क्षेत्रफलका हिसाबले सानो नगरपालिकामध्ये एक रहेको उल्लेख गर्दै भक्तपुरलाई जीवित सङ्ग्रहालय, नाचगानको राजधानी तथा फूलजस्तै सुन्दर सहरका रूपमा चिनिने बताउनुभयो ।

भक्तपुरका मूर्त तथा अमूर्त सम्पदा नगरवासीको पहिचान र अमूल्य सम्पत्ति भएको बताउँदै उहाँले लोपोन्मुख तथा लोप भइसकेका धेरै सम्पदालाई पुनर्जीवन दिने कार्य नगरपालिकाले गर्दै आएको जानकारी दिनुभयो ।

शिक्षा क्षेत्रमा भक्तपुर नगरपालिकाले प्राथमिकताका साथ लगानी गरिरहेको बताउँदै उहाँले नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङलगायतका कलेजप्रति विद्यार्थीको आकर्षण बढ्दै गएको उल्लेख गर्नुभयो । उच्च शिक्षा अध्ययन गर्ने अवसरबाट कोही पनि वञ्चित नहोस् भन्ने उद्देश्यले नगरपालिकाले शैक्षिक ऋणको समेत व्यवस्था गरेको बताउँदै ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्यले नगरपालिकाले काम गरिरहेको बताउनुभयो ।



ख्वप अस्पतालको स्वास्थ्य सेवाले नगरवासीलाई सहज बनाएको र स्वास्थ्य बीमामार्फत सेवा उपलब्ध गराउँदै आएको बताउँदै सामुदायिक र संस्थागत विद्यालयबिचको शैक्षिक भेद अन्त्य गर्दै समान शिक्षामा जोड दिँदै आएको बताउनुभयो ।

बालबालिकाको प्रश्नको जवाफ दिँदै नगर प्रमुख प्रजापतिले शिक्षा र रोजगारीमार्फत युवा, विद्यार्थी र महिलाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न सीपमूलक तालिम सञ्चालन भइरहेको जानकारी दिँदै प्रविधिको प्रयोगसँगै एआईसम्बन्धी तालिम, बालबालिकाको सुरक्षाका लागि आत्मरक्षा तालिमलगायतका कार्यक्रम सञ्चालन भइरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा उपस्थित बालबालिकाले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूको शैक्षिक विशेषता, भक्तपुरको शिक्षा मोडल, विद्यालयमा प्रविधि तथा एआईसँग जोडिने कार्यक्रम, बालबालिकाको सुरक्षा र बाल अधिकारको सुनिश्चितताबारे जिज्ञासा राखेका थिए ।

नगर प्रमुख प्रजापतिले बालबालिकाका जिज्ञासा स्पष्ट पार्दै उनीहरूका गुनासो सम्बोधन गर्न नगरपालिका निरन्तर प्रयासरत रहेको बताउनुभयो । उहाँले इमानदार, अनुशासित र जिम्मेवार विद्यार्थीले सभ्य तथा सुसंस्कृत समाज निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै भक्तपुरमा समान शिक्षा र समान व्यवहारलाई जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिशुहरूको लागि शिशुस्याहार केन्द्रदेखि ज्येष्ठ नागरिकहरूको हेरचाहको लागि आदर निकेतन सञ्चालनसम्मको तयारी गरेको बताउँदै उहाँले देश र जनताको पक्षमा गरिने राजनीतिले नै देशलाई सही दिशामा लैजाने धारणा राख्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले बाल दिवसको अवसरमा नगरपालिकाले हरेक वर्ष 'मेयरसँग बालबालिका' कार्यक्रम सञ्चालन गर्दै आएको बताउँदै यस किसिमको कार्यक्रमले बालबालिकालाई नगर प्रमुखसँग प्रत्यक्ष भेटेर आफ्ना जिज्ञासा राख्ने तथा भक्तपुर नगरपालिकाका गतिविधि र भक्तपुरबारे जानकारी हासिल गर्ने अवसर प्रदान गरेको बताउनुभयो ।

## समाज परिवर्तनको अर्थ सरकारको नेतृत्व परिवर्तन होइन

काठमाडौँ, २९ भदौ । समाज परिवर्तनको अर्थ सरकारको नेतृत्व परिवर्तन होइन । सरकारको नेतृत्व परिवर्तन हुँदैमा समाज परिवर्तन हुन्छ भन्ने होइन । तर, कति सत्ताधारी दलका नेता र मन्त्रीहरू सरकारको नेतृत्व परिवर्तनलाई नै समाज परिवर्तनको आधार मान्छन् । उनीहरू आन्दोलनबाट सरकारको नेतृत्व फेर्ने बित्तिकै कहिले 'क्रान्ति' त कहिले 'विद्रोह' भएको स्वीकार्छन् । कति राजनीतिक विश्लेषक, लेखक तथा सञ्चारकर्मीहरू उक्त कुरालाई स्वीकार्छन् । सरकारको नेतृत्व फेर्दैमा व्यवस्था बदलिन्छ भन्ने होइन । व्यवस्था बदलिँदैमा बहुमत जनताको हित हुन्छ भन्ने कुरा पनि होइन । नेपालमा कहिले बहुमत प्राप्त सरकार बन्यो । कहिले संयुक्त सरकार त कहिले अल्पमतको सरकार बन्यो । सारमा, ठुला भनिने सबै दलले सरकारको नेतृत्व गरिसकेका छन् । अर्थात् सरकार फेरियो तर राज्य सञ्चालनको मूल चरित्रमा जनताको चाहनाबमोजिम परिवर्तन भएन या सुधार भएन । अनेक आयोग बने । तर, आयोगको प्रतिवेदन व्यवहारमा लागू भएन । दरबार हत्याकाण्ड, ललितानिवास काण्ड, सुनकाण्ड, वाइड बड्डी, ओमनी आदि काण्ड भए । त्यस प्रकरणको छानबिन समिति पनि गठन भयो । तर, हरेक काण्डका मुद्दाका प्रकरणहरू छायामा परे या कारबाहीको प्रक्रिया अघि बढेन ।

छानबिन आयोग या समिति गठन गर्नु अस्वाभाविक होइन । तर, आयोग गठन गर्नु नै सबथोक होइन । मुख्य कुरा आयोगको प्रतिवेदन कार्यान्वयन गर्नु र राज्यको त्यसप्रतिको जवाफदेहिता हो । यसअघि मिटरब्याजी छानबिन आयोग गठन गरिएको थियो । मिटरब्याज पीडितको समस्या समाधान गर्ने आशा पनि थियो । पीडितहरू आयोगको न्यायको मुख ताकेर बसे । तर, पीडितले न्याय नपाउँदै साहुहरूको अदालती कारबाहीमा परेर सम्पत्ति लिलामीको जोखिम मोल्नुपरेको छ । यही कारण मिटरब्याज पीडितहरू जनकपुरदेखि काठमाडौँसम्म पैदल यात्रा गर्न बाध्य भए । आन्दोलनकै क्रममा सरकारले आन्दोलनकारीहरूसँग सम्झौता पनि गऱ्यो । आन्दोलन या जनदबाब सेलाउन गरिने सम्झौता व्यवहारमा लागू हुँदैन । शिक्षक सङ्घ सङ्गठनहरूसँग धेरै पटक सम्झौता भयो । तर, त्यो सम्झौता कागजमा मात्र सीमित भयो । यसकारण यो सरकारप्रति जनताको विरोध बढ्दै गयो, अनास्था बढ्दै गयो ।

सरकारले वास्तविक पीडित पहिचान गर्नुपर्छ । अनुचित ब्याज लिने र शोषण गर्ने ऋणदातामाथि कारबाही हुनुपर्छ । नागरिकले राज्यलाई कर तिर्न ढिलो गर्दा जरिवाना लाग्छ । तर, राज्यले नागरिकलाई जति ढिलो सेवा सुविधा दिए पनि न जरिवाना लाग्छ न त कुनै कारबाहीको प्रक्रिया अघि बढाउँछ । क्षमता भएर पनि नियतवश ऋण तिरेन भने त्यसको पनि सही मूल्याङ्कन गर्नुपर्छ । अनावश्यक सेवा शुल्क र सजायको मनपरी असुलीको नियन्त्रण गर्नुपर्छ । बैङ्क तथा वित्तीय संस्थाको ऋण र ब्याज प्रणाली पारदर्शी नहुँदा या मनपरी ढङ्गले ब्याजमाथि ब्याज लिनाले पनि समस्या थप्दै गएको देखिन्छ ।

बाँकी पृष्ठ ८ मा

## कार्की आयोगको प्रतिवेदनको सार – ११६

**प्रदर्शनकारीद्वारा सङ्घीय संसद् परिसरभित्र प्रवेश गर्ने प्रयास र प्रहरीबाट बल प्रयोग**

भदौ २३ गते प्रहरीको ब्यारिकेड तोड्दै सङ्घीय संसद् भवन बानेश्वरतर्फ प्रदर्शनकारीहरू अगाडि बढे । गेट बाहिर रहेका प्रहरीहरूमाथि प्रदर्शनकारीहरूले ढुङ्गामुढा प्रहार, लाठीले आक्रमण सुरू गरेको देखिन्छ । अनियन्त्रित भिडमध्ये केही उच्छृङ्खल युवाहरू उक्त भवनको दक्षिणपट्टिको गेटको बायाँतर्फको कौसीमा चढ्ने, नारा लगाउने, केहीले सोही छतमुनि प्रहरी अधिकृत बस्ने कोठामा आगजनी गर्ने, कोही दक्षिण र पूर्वी पर्खालबाट भित्र प्रवेश गर्न खोज्ने, प्रवेश गर्न र केही टिकटकलगायतमा आफ्नो बहादुरी देखाउन पनि उग्र हुँदा अवस्था जटिलतर्फ मोडिन गएको देखिन्छ । सोही स्थानमा कार्यरत नेपाल प्रहरीको महिला अधिकृतले संसद् भवनको दक्षिण गेटमा प्रदर्शनकारीहरूले ढुङ्गालगायत विभिन्न प्रकारले आक्रमण गर्न थालेपछि "लौ हामीलाई मार्न लाग्यो" भनी प्रहरीको सञ्चार सेटमा नै बोलेको रेकर्डका आधारबाट पनि प्रदर्शनकारीहरूले एउटा सीमा पार गर्न थालिसकेको सङ्केत पाइन्छ ।

प्रदर्शनकारीहरूले घरेलु हतियारको प्रयोग गरी संसद् भवन परिसरको चारैतर्फको पर्खाल फोडेर (सङ्घीय संसद् भवनको पर्खालमा क्षति पुऱ्याएको र ४०१ भन्दा बढी स्थानमा पर्खाल फोडेको), पर्खाल र गेट नाघेर, रेलिङ भत्काएर, सेन्ट्री पोस्ट कब्जा गरी, १ नं. गेट अगाडि नै आगजनी गरेर, अनधिकृत रूपमा पटक पटक गरेर अन्दाजी ५०० को सङ्ख्यामा प्रदर्शनकारीहरू प्रवेश गरेका थिए; सोमध्ये दर्जनौँलाई नियन्त्रणमा लिइएको र केहीलाई पुनः सङ्घीय संसद् भवन बाहिर लखेटिएको थियो । हाइपोस्टहरूमा खटिएका नेपाल प्रहरी

बाँकी पृष्ठ ३ मा

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

- यही भदौ १० गते रसुवाको भोटेकोसीमा हिमपहिरोमा मृत्यु भएका १,३८५ को शव फेला पऱ्यो भने ५,१३० अझै बेपत्ता भइरहेको अवस्था छ । यो हिमपहिरोमा सात खर्ब रुपैयाँ बढीको भौतिक पूर्वाधार क्षति भएको प्रारम्भिक अनुमान छ । यो दुःखद घडीमा यही भदौ २९ गते चौथीको दिनबाट सुरू हुने नेपालीको हरितालिका पर्व तीजको रौनक हराउनु स्वाभाविक हो । हिमपहिरो पीडितहरू बेपत्ता परिवारजनको 'कि सास कि लास चाहियो' भनी वेदना पोख्दै छन् । यो दुःखमा अन्य नेपालीले तीज पर्वको खुसीयाली कसरी मनाउन सक्लान् ?
- केही विश्लेषकहरूले तीजको नाममा महिनाभरि दर खाने, गरगहना एवम् पोशाक प्रदर्शन गर्ने, खाद्य पदार्थमा तामसी प्रयोग गर्ने, परिवारबिच बसेर गाउन र नाच्न नमिल्ने भाखा र अभिनय गर्ने गरिँदा विकृति देखिएको गुनासो गर्दै छन् । पछिल्लो समय सरकारी कार्यालयमा समेत एक महिनादेखि तीजको नाममा 'तामझाम' गरिएकोबारे प्रश्न उठिरहेको छ । नेपालीले पर्व मेलालाई सांस्कृतिक धरोहरको रूपमा अगाडि बढाउनुपर्ने होइन र ?
- एउटै समूहसँग १० ओटा ग्यास उद्योग भएको, सात समूहसँग मात्रै ३० ब्रान्डका उद्योग भएको र एउटा समूहले एउटा मात्र ब्रान्ड प्रयोग गर्ने हो भने हाल कायम ५८ उद्योगको सङ्ख्या ३५ मा झर्ने सार्वजनिक भयो । त्यस्तै काठमाडौँमा पठाउन तराईका ग्यास उद्योग चौबिसै घण्टा चलिरहने पनि सार्वजनिक भयो ।
- ग्यास उद्योगका कतिओटा ब्रान्ड छन् र तराईका ग्यास उद्योग कति घण्टा चलिरहन्छन् भन्ने विषय महत्त्वको होइन, उपभोक्तालाई ग्यास सुलभ मोलमा सहज रूपमा उपलब्ध गराउनु सरकारको प्रमुख कर्तव्य र जिम्मेवारी हो । ग्यास उद्योगको ब्रान्डबारे नियमन गर्ने जिम्मा सरकारको हो । रास्वपा सरकारले जनतालाई सुलभ र सुपथ मोलमा समयमा ग्यास उपलब्ध गराउन नसके सिंहदरबारको कुर्सी छाड्नुपर्ने होइन र ?

बाँकी पृष्ठ २ मा

## बालबालिकाको भविष्य जोगाउनु राज्यको जिम्मेवारी

काठमाडौँ, २९ भदौ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ । राज्यको नीतिअन्तर्गत बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रूपमा लिइएको छ । विक्रम संवत् २०६३ सालदेखि नेपालले संयुक्त राष्ट्र सङ्घीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९ लाई अनुमोदन गरेको दिन २०४७ भदौ २९ को सम्झनामा प्रत्येक वर्ष भदौ २९ गते बाल दिवस मनाउन थालेको हो । यसअघि २०२१ भदौ ४ मा नेपाल बाल सङ्गठनको स्थापना गरी हरेक वर्ष भदौ ४ गते बाल दिवस मनाउन चलन चलाइएको थियो । यो वर्ष 'बालापनको रक्षा : भविष्यको सुरक्षा' भन्ने नाराका साथ ६२ औँ राष्ट्रिय बाल दिवस मनाइयो । संयुक्त राष्ट्र सङ्घ महासभाबाट बाल अधिकारसम्बन्धी महासन्धि सन् १९८९ नोभेम्बर २० मा पारित गरिएको थियो । उक्त सन्धि सन् १९९० सेप्टेम्बरदेखि लागू गरिएको थियो । सो सन्धिको अनुमोदन सन् १९९० सेप्टेम्बर १४ मा गरिएको थियो । नेपालमा बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई बुझिन्छ ।

बाल दिवस उत्सव मनाउने दिन मात्रै होइन बालबालिकाको अधिकार सुनिश्चित गर्ने पनि हो । बाल अधिकारभित्र बालबालिकाले सुरक्षित र सम्मान पूर्वक बाँच्न, विकास गर्न, शिक्षा तथा स्वास्थ्य प्राप्त गर्न, आफ्ना विचार व्यक्त गर्न, हिंसा तथा शोषणबाट मुक्त हुन पाउने अधिकार पर्छ । बालबालिका राष्ट्रका भविष्य मात्र होइनन् वर्तमानका महत्त्वपूर्ण नागरिक पनि हुन् । प्रत्येक बालबालिकालाई सुरक्षित गर्ने, जीवन सुनिश्चित गर्ने नै राष्ट्रिय बाल दिवसको सार्थकता हो ।

बाँकी पृष्ठ २ मा



**ढुङ्गेधारा अवलोकन गर्दै विदेशी पर्यटक**
विश्व सम्पदा भक्तपुर दरबार क्षेत्रस्थित तलेजु परिसरको दुमाजु चोकमा रहेको ढुङ्गेधारा अवलोकन गर्दै विदेशी पर्यटक। ऐतिहासिक महत्त्व बोकेको यस चोक परिसरमा प्राचीन दुमाजु पुखू 'पोखरी' पनि छ। *तस्बिर: प्रविन पौडेल/रासस*

# विविध कार्यक्रमका साथ बाल दिवस सम्पन्न

भक्तपुर, २९ भदौ।

**बाल दिवसमा अभिभावकलाई सम्मान**

बासु माविमा ६२ औं बाल दिवस सोमबार मनाइयो। कार्यक्रममा विद्यार्थीहरूलाई सफासुग्घर गरी पठाउने अभिभावकलाई सम्मान र हाजिरीजवाफ प्रतियोगितामा सफल विद्यार्थीलाई पुरस्कार वितरण गरियो।

कार्यक्रममा विद्यालयका प्रअ रविलाल प्रधानले विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गर्ने दिनको रूपमा बाल दिवस मनाउने गरेको बताउनुभयो।

सहायक प्रअ राजकुमार ह्यौंमिखाले विद्यार्थीहरूको सीप विकासका लागि आवश्यक कार्यक्रमहरू गर्नुपर्ने चर्चा गर्नुभयो।

विद्यालयका शिक्षक प्रतिनिधि विष्णुप्रसाद दुमरुले अभिभावकहरूकै व्यवहारले विद्यार्थीहरूले सिक्ने र विद्यार्थीहरूको चाहनाअनुसार र सामूहिक हित हुने खालको गतिविधि गर्न दिनुपर्ने बताउनुभयो।

विद्यालयका निमावि इन्चार्ज रामहरि ताम्राकार, विद्यार्थी हित समितिका अध्यक्ष अविनास शाह र शिक्षिका कल्पना सुजखुले पनि बोल्नुभएको थियो।

**राष्ट्रिय बाल दिवसमा पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम**

यसैगरी, ६२ औं राष्ट्रिय बाल दिवसको अवसरमा विद्या आर्जन सेकेन्डरी स्कूलले पुरस्कार वितरण तथा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक पुरुषोत्तम ग्वाछाले विद्यार्थीलाई शुभकामना व्यक्त गर्दै लगनशील, अनुशासित र मेहनती विद्यार्थी मात्र जीवनमा सफल हुने बताउनुभयो। सफल र जिम्मेवार विद्यार्थी नै राष्ट्रका गहना भएकाले अध्ययनसँगै अनुशासन, मेहनत र सकारात्मक व्यवहारलाई आत्मसात् गर्न उहाँले विद्यार्थीहरूलाई सुझाव दिनुभयो।

विद्यार्थीहरूले विभिन्न कक्षागत नृत्य तथा सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए। विद्यालयमा आयोजित फुटसल, चेस, टेबलटेनिस, बाघचाल तथा अङ्ग्रेजी र नेपाली सुन्दर लेखन प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा विद्यालयका शिक्षक तथा विद्यार्थीहरूले बाल दिवसको शुभकामना व्यक्त गर्दै बालबालिकाको अधिकार, शिक्षा, अनुशासन र व्यक्तित्व विकासमा विद्यालय तथा अभिभावकको महत्त्वपूर्ण भूमिका रहने धारणा राख्नुभयो।

बालबालिकाको प्रतिभा प्रस्फुटन, सिर्जनात्मक क्षमता विकास तथा उनीहरूलाई थप उत्साहित गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रम उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको विद्यालयले जनाएको छ।

**विद्यार्थीकै आतिथ्यमा बाल दिवस मनाइयो**

यसैगरी, 'बालापनको रक्षा : भविष्यको सुरक्षा' भन्ने नाराका साथ ६२ औं बाल दिवस कार्यक्रम बाइट स्टार ई. स्कूलमा मनाइयो।

यस वर्षको विशेष आकर्षणका रूपमा विद्यार्थीहरूलाई नै प्रमुख अतिथि तथा सभापति बनाएर कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रममा सभापतिका रूपमा कक्षा-१० की छात्रा स्नेहा अवालले विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रम सञ्चालन गर्न दिएकोमा विद्यालयका प्रधानाध्यापकलाई धन्यवाद दिनुभयो।

संयोजकका रूपमा कक्षा-१० की छात्रा सजिना मोक्तानले कार्यक्रम भनेको आफ्नो प्रतिभा र कला देखाउने थलो रहेको बताउनुभयो।

कार्यक्रममा विद्यार्थीहरूले विभिन्न नृत्य, गीत, कविता वाचन, नाटक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू प्रस्तुत गरेका थिए।

सभापति अवालले विद्यार्थी, अभिभावक, शिक्षकशिक्षिका र गैर-शिक्षण कर्मचारीहरूबाट बाढीपीडितका लागि ७८,५५६ रकम सङ्कलन भएको पनि जानकारी दिनुभयो।

विद्यालयका संस्थापक पुष्पलाल सुजखूले पुरस्कृत हुन सफल, विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो।

कार्यक्रममा प्रस्तुत एकल नृत्यमा जुनियरबाट तृतीय हुन सफल स्मृति तामाङ, दोस्रो सुप्रिया लामा र प्रथम नुरवी शिल्पकार र सिनियरतर्फ तृतीय रोनिशा गोले, द्वितीय निङ्मा लामा र प्रथम सरिस्मा सिलवाल भएका थिए।

त्यसैगरी, गायनमा तृतीय सौरभ श्रेष्ठ, द्वितीय प्रियस चौगुठी र प्रथम सोनाम लामा भएका थिए। बाद्यवादनमा रुमन नागाजु, कविता वाचनमा रुसान्त प्रजापति, नाटकमा तिसा अवाल सफल भएका थिए। व्यङ्ग्यात्मक चित्रकलामा जुनियरतर्फ तृतीय उत्सव सुवाल, द्वितीय गेलबाङ लामा र प्रथम लियन हाकुदुवाल र सिनियरतर्फ तृतीय जोया त्वायना, द्वितीय रूसील किलम्बु र प्रथम सेन हाकुदुवाल भएका थिए।

# भक्तपुर नपा प्रमुख प्रजापति र काठमाडौँ महानपाका कार्यवाहक प्रमुख डंगोलबिच भेट वार्ता

भक्तपुर, २९ भदौ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलबिच भेटघाट भयो।

भक्तपुर नपा कक्षमा भएको भेटघाटमा दुई पालिकाबिचको आपसी सहकार्यबारे छलफल भयो। उक्त भेटमा भक्तपुरमा रात्रिकालीन साझा यातायात बस सेवा सञ्चालन गर्ने विषयमा भक्तपुर नगरपालिका र काठमाडौँ महानगरपालिकाबिच छलफल भयो।

भेटमा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले भक्तपुरमा विगतमा ट्रली बस सञ्चालन हुँदाको अनुभव स्मरण गर्दै सार्वजनिक यातायातलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो। उहाँले नियोजित रूपमा ट्रली बसलाई समाप्त पारिएको बताउँदै सार्वजनिक यातायातको विस्तारलाई नाफा-घाटाको दृष्टिले मात्र हेर्न नहुने धारणा राख्नुभयो।

उहाँले साझा यातायातको रात्रिकालीन सेवा सञ्चालन घाटा वा नाफाभन्दा पनि जनसेवासँग जोडिएको विषय भएको बताउनुभयो। विद्युतीय बस सञ्चालनले प्रदूषण, ट्राफिक जाम र सडकको चाप घटाउन सहयोग पुग्ने उहाँको भनाइ थियो।

सरकारले विद्युतीय गाडीमा कर घटाएको भए नेपालको विद्युत् खपत बढ्ने र पेट्रोलियम पदार्थको लागि ठूलो मात्रामा पैसा बाहिर नजाने भन्दै उहाँले कर बढाएर सरकार उल्टो बाटोमा हिँडेको छ भन्नुभयो।



काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले सहरलाई सुरक्षित बनाउन सार्वजनिक यातायातलाई व्यवस्थित गर्न आवश्यक रहेको बताउनुभयो। साझा यातायात रात्रिकालीन बस सेवा सञ्चालनका लागि स्थानीय तहहरूबिच समन्वय र सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो।

निजी यातायातको खर्च महँगो हुँदै गएको अवस्थामा रात्रिकालीन सार्वजनिक यातायात सेवा सञ्चालन भएमा सर्वसाधारणलाई सहज हुने कार्यवाहक प्रमुख डंगोलले बताउनुभयो।

सेवा निःशुल्क सञ्चालन गर्ने विषयमा भने स्थानीय तहबिच संयुक्त स्वामित्व आवश्यक रहेको उहाँको धारणा थियो।

साझा यातायात सञ्चालक समितिका अध्यक्ष सुशील प्याकुरेलले रात्रिकालीन साझा यातायात सेवा सञ्चालन गर्दा रात्रि व्यवसाय सञ्चालन गर्ने व्यवसायी, बिरामी तथा आन्तरिक पर्यटकलाई सहज हुने बताउनुभयो। उहाँका अनुसार रात्रिकालीन सेवा राति ८ बजेदेखि १२ बजेसम्म सञ्चालन गर्ने योजना छ।

रात्रीकालीन सेवामा विद्युतीय बस सञ्चालन गर्ने तयारी रहेको जानकारी दिँदै अध्यक्ष प्याकुरेलले दिवाकालीन सेवासमेत विस्तार गर्ने योजना रहेको बताउनुभयो।

साझा यातायातका कार्यकारी निर्देशक भुपेन्द्र अर्यालले साझा यातायातको सञ्चालन तथा सेवा विस्तारको विषयमा जानकारी गराउनुभयो।

उहाँले नेपाल सरकारले साझा यातायातमा ३ अर्ब रूपैयाँ शेयर लगानी गरेको तथा काठमाडौँ महानगरपालिकाले १५ करोड रूपैयाँ बराबरको शेयर लगानी गरेको जानकारी दिँदै साझा यातायातको नियमित तथा रात्रिकालीन सञ्चालनले आर्थिक गतिविधि बढाउनुका साथै निजी तथा सरकारी क्षेत्रमा रात्रिकालीन ड्युटीमा खटिने कामदार तथा कर्मचारीहरूलाई समेत सहज हुने बताउनुभयो।

साझा यातायातको सेवा आगामी दिनमा काठमाडौँ महानगरपालिका, ललितपुर महानगरपालिका, चन्द्रागिरी नगरपालिका र बूढानीलकण्ठ नगरपालिकालगायतका क्षेत्रमा विस्तार गर्ने योजना रहेको कार्यकारी अधिकृत अर्यालले जानकारी दिनुभयो।

हाल १११ वटा बस साझा यातायातसँग रहेको पनि छलफलमा जानकारी गराइयो।

उक्त छलफल कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडाध्यक्ष श्यामकृष्ण खत्री, हरिराम सुवाल, काठमाडौँ महानगरपालिकाका सचिवालय प्रमुख वसन्त आचार्य, प्रप्रअ मुक्तिराम अर्याल, मेट्रो न्युजका सम्पादक चन्द्रमणी भट्टराई, साझा यातायातका शङ्कर बस्याललगायतको उपस्थिति रहेको थियो।

# घरपझोङ जलवायु सम्मेलनमा ४२० स्थानीय तह सहभागी हुने

मुस्ताङ, २९ भदौ। यही भदौ ३० गते मङ्गलबारदेखि हिमाली जिल्ला मुस्ताङको सदरमुकाम जोमसोममा दुईदिने 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन' हुँदैछ।

सम्मेलनमा उपस्थितिका लागि ७५३ वटै स्थानीय तहहरूलाई पत्राचार गरिएको थियो। आइतबारसम्म ४२० वटा स्थानीय तहले सहभागिता जनाउने प्रतिबद्धता जनाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिनुभयो। सम्मेलनमा ३६ वटा जिल्ला समन्वय समितिका तर्फबाट पनि सहभागिता हुनेछ।

जलवायु परिवर्तनले हिमाल, पहाड र तराईका स्थानीय तहमा पुऱ्याएको असर र अनुकूलनलगायतका विषयमा साझा धारण तय गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न मुस्ताङमा पहिलोपटक ऐतिहासिक रूपमा 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन' को तयारी गरिएको हो।

सम्मेलनका लागि मुस्ताङका अन्य चार पालिकाले पनि सहयोग पुर्याइरहेका छन्। सम्मेलनमा भाग लिन कोसी प्रदेशबाट ७२, मधेस प्रदेशबाट ५८, बागमतीबाट ४६, गण्डकीबाट ६४, लुम्बिनीबाट ६२, कर्णालीबाट ३८ र सुदूरपश्चिम प्रदेशबाट ६६ वटा स्थानीय तहले नाम टिपाएका प्रमुख प्रशासकीय अधिकृत बस्नेतले उल्लेख गर्नुभयो।

गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले सम्मेलन तयारी अन्तिम चरणमा पुगेको बताउनुभयो। *(रासस)*

***बालबालिकाको...***

'बालापनको रक्षा : भविष्यको सुरक्षा भन्ने नारालाई व्यवहारमा उतार्नु नै बाल अधिकारको वास्तविक सम्मान तथा संरक्षण गर्नु हो। बालबालिकाको घर, परिवार र भविष्य जोगाउनु राज्यको पहिलो जिम्मेवारी हो।

**नेपालको संविधानको धारा ३९ मा बालबालिकासम्बन्धी हक व्यवस्था गरिएको छ :**

१ प्रत्येक बालबालिकाले आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ता गर्न पाउने हक।

२ परिवार र राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन र सर्वाङ्गीण व्यक्तित्व विकास पाउने हक।

३ प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको अवसर पाउने हक।

४ कलकारखाना, खानी वा यस्तै जोखिमपूर्ण काममा लगाउन नपाइने हक।

५ बालविवाह गर्न, गैरकानुनी ओसारपसार वा अपहरण गर्न तथा बन्धक बनाउन नपाइने हक।

६ सेना, प्रहरी वा सशस्त्र समूहमा प्रयोग गर्न तथा शारीरिक, मानसिक यौनजन्य लगायत कुनै पनि प्रकारको शोषण वा दुर्व्यवहार गर्न नपाइने हक।

७ घर, विद्यालय वा अन्य कुनै स्थानमा शारीरिक, मानसिक वा अन्य कुनै प्रकारको यातना दिन नपाइने हक।

८ बालबालिकालाई बालमैत्री/बाल अनुकूल न्याय पाउने अधिकार।

९ असहाय, अनाथ अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित तथा जोखिममा रहेका बालबालिकाले राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक।

१० माथिका संरक्षणसम्बन्धी अधिकार उल्लङ्घन गर्ने कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडित बालबालिकाले कानुनबमोजिम पीडकबाट क्षतिपूर्ति पाउने हक।

***देशको...***

● जनकपुरधामका गुठीअन्तर्गतका पोखरीहरू अतिक्रमण गरी संरचना निर्माण गरिएका हटाउन गुठी संस्थानले थप १५ दिन म्याद दिएको सार्वजनिक भयो। काठमाडौँ, ललितपुर र भक्तपुरका गुठी संस्थानका कर्मचारीको मिलेमतोमा रैतानी गरी बिक्री गरिएका पोखरीहरू पुनः गुठीको नाममा फिर्ता ल्याउनेबारे गुठी संस्थानको ध्यान किन नगएको होला ?

# मिडियामा एआई प्रयोगबारे नेपाली विद्यार्थीलाई चीनमा प्रशिक्षण

काठमाडौँ, २९ भदौ । त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका विद्यार्थीले चीनको सिचुआनमा एआई तथा डिजिटल सञ्चारसम्बन्धी साताव्यापी प्रशिक्षण तथा अध्ययन भ्रमण पूरा गरेका छन् ।

युनिभर्सिटी अफ इलेक्ट्रोनिक्स साइन्स एन्ड टेक्नोलोजी अफ चाइना (युइएसटिसी)सँगको शैक्षिक सहकार्यअन्तर्गत भएको कार्यक्रममा सहभागीले समाचारकक्षमा एआईको प्रयोग, मानव-मेसिन सहकार्य, डिजिटल सामग्री उत्पादन, दृश्य कथा वाचन तथा मिथ्या र भ्रामक सूचना व्यवस्थापनबारे सैद्धान्तिक र व्यावहारिक ज्ञान हासिल गरेका थिए ।

भ्रमणका क्रममा सहभागीले सिचुआन न्यूजनेट ग्रुप, सिचुआन टिभी, छेंग्दु राष्ट्रिय सुपर कम्प्युटिङ केन्द्र, एआईजिसी कार्यशाला, भर्चुअल उत्पादन स्टुडियो तथा रोबोट पार्कलगायत संस्थाको अवलोकन गरेका थिए ।

कार्यक्रममा त्रिविसहित पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय र काठमाडौँ विश्वविद्यालयका विद्यार्थी सहभागी थिए । त्रिविका उपप्राध्यापक डा. ऋषिकेश दाहालले यस्ता शैक्षिक सहकार्यले नेपाली विद्यार्थीलाई सञ्चार प्रविधिमा भइरहेको परिवर्तन बुझ्न सहयोग पुग्ने बताउनुभयो । युइएसटिसी र त्रिविबिचको चीन-नेपाल युवा शैक्षिक आदानप्रदान कार्यक्रमको यो दोस्रो वर्ष हो ।

नेपाल-चीनबिचको मैत्रीपूर्ण सम्बन्धलाई सरकारदेखि सरकारमात्र नभई जनस्तरसम्म जोड्न विभिन्न गतिविधि हुँदै आएको र आगामी दिनमा पनि प्राज्ञिक क्षेत्रमा सहकार्य जारी रहने युइएसटिसीका प्राध्यापक चाङ स्युनले जानकारी दिनुभयो ।

कार्यक्रममा केन्द्रीय विभागका अनुषा काफ्ले, दीक्षा राई, मोनिका वाइबा, लक्ष्मण गिरी र प्रियङ्का सुनार सहभागी थिए । नेपाली टोलीको नेतृत्व केन्द्रीय विभागका उपप्राध्यापक डा. ऋषिकेश दाहालले गर्नुभएको थियो ।

भ्रमणमा त्रिविबाट सात जना सहभागी थिए भने पोखरा विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयका दुई-दुई जनाको सहभागिता थियो । काठमाडौँ विश्वविद्यालयबाट एक जनाले सहभागिता जनाएका थिए ।

नेपाल-चीनबिच प्राज्ञिक सहकार्यले आगामी दिनमा पनि निरन्तरता पाउने केन्द्रीय विभागका डा. दाहालले जानकारी दिनुभयो । पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख प्रा. डा. कुन्दन अर्यालले युइएसटिसीसँगको सहकार्यले निरन्तरता पाइरहँदा आगामी वर्षमा थप विद्यार्थीले अवसर पाउने बताउनुभयो । *(रासस)*



**क्षति पुगेको कोल्पुखोला पुल**
भोटेकोसी हुँदै त्रिशुली नदीमा आएको बाढीको बहाबले नुवाकोट र धादिङ जोड्ने कोल्पुटारस्थित कोल्पु खोलाको एकै स्थानका दुईवटा पुलमा क्षति । दुईमध्ये एउटा पुल पूर्ण क्षति र अर्को कोल्टिएको भए पनि वैकल्पिक मार्ग नहुँदा यातायातका साधन जोखिमयुक्त पुलबाट आउजाउ गर्न बाध्य छन् । *तस्बिर: रामहरि न्यौपाने/रासस*

***कार्की...***

विशेष कार्यदल (एसटीएफ) का प्रहरीहरूको हातहतियार प्रदर्शनकारीले खोस्न खोजेपछि सबै पोस्ट खाली गरी ग्राउन्डमा झारिएको थियो भन्ने व्यहोराको सङ्घीय संसद् भवनमा सुरक्षार्थ डिउटीमा खटिएका विशेष प्रहरी कार्यदलका कमान्डर प्रहरी निरीक्षक समुन्नत अधिकारीको भनाइ रहेको छ ।

कर्फ्यु आदेशमा भिड हटाउनको लागि मैले घुँडामुनि रबरको गोली चलाउन मौखिक आदेश दिएको तर अन्तिम बल (गोली चलाउने) प्रयोग गर्ने आदेश दिएको थिइन भन्ने तत्कालीन काठमाडौँका प्र.जि.अ.को भनाइ रहेको छ ।

सङ्घीय संसद् भवनको कम्पाउन्ड वाल भत्काइसकेको, दुईवटा गेटमा आगो लगाइसकेको, सुरक्षा पोस्टहरूमा आगो लगाइसकेको, पर्खाल नाघेर सङ्घीय संसद् भवन परिसरभित्र प्रवेश गरेर तोडफोड सुरू भइसकेको अवस्थामा यदि प्रहरीले उक्त दिन सङ्घीय संसद् भवन परिसर सुरक्षार्थ अन्तिम बल प्रयोग नगरेको भए त्यही दिन संसद् भवनमा तोडफोड हुने निश्चित थियो भन्ने व्यहोराको तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङको भनाइ रहेको छ ।

**बल प्रयोगबारे कानुनी व्यवस्था**

फिल्डमा खटिएका प्रहरीले परिस्थितिले माग गरेमा कानुनबमोजिम गोली चलाउन सक्ने अधिकार राख्छन् र त्यसका लागि प्रत्येक अवस्थामा केन्द्रबाट पूर्वस्वीकृति लिनुपर्ने कानुनी बाध्यता छैन । 'लाइभ फायर' पूर्णरूपमा प्रतिबन्धित गर्ने वा 'सिज फायर'को विशेष आदेश दिने अधिकार प्रहरी महानिरीक्षकलाई नभएको र आफूले नीतिगत रूपमा न्यूनतम बल प्रयोग गर्न मात्र निर्देशन दिएको भन्ने तत्कालीन प्र.म.नि. चन्द्र कुबेर खापुङको भनाइ रहेको छ । बल प्रयोगसम्बन्धी निर्णय व्यक्तिगत जिम्मेवारी र फिल्डमा भएको वास्तविक परिस्थितिको मूल्याङ्कनअनुसार लिन सकिने प्रक्रियाअनुसार नै अगाडि बढाइएको थियो । न्यूनतम बल प्रयोग र अन्य विकल्पहरूले स्थिति नियन्त्रणमा लिन सक्ने सम्भावना समाप्त भइसकेको अवस्थामा ठूलो आकारको र आक्रामक भिडलाई नियन्त्रण गर्न अन्तिम उपायका रूपमा गोली प्रहार गर्नु अपरिहार्य थियो । महत्त्वपूर्ण प्रतिष्ठानको सुरक्षा र आत्मरक्षाको निमित्त कर्फ्यु आदेश जारी भइसकेको अवस्थामा फिल्डको अवस्था हेरेर र स्थानीय प्रशासन ऐन, २०२८ अनुसार परिस्थिति हेरेर धातुको गोलीको प्रयोग सुरक्षा फौजले गर्नसक्छ भन्ने व्यहोराको तत्कालीन प्र.म.नि. खापुङको भनाइ रहेको देखिन्छ ।

गोली प्रहार अन्तिम विकल्पको रूपमा मात्र प्रयोग गरिएको र त्यो पनि अत्यन्त विषम, सामूहिक जीवन रक्षाको अवस्था सिर्जना भएपछि आवश्यकताको सिद्धान्तअन्तर्गत गरिएको थियो । यसका लागि कुनै छुट्टै अतिरिक्त लिखित आदेश कुर्नु व्यवहारिक नभएको र त्यस्तो ढिलाइले राज्यलाई अपूरणीय क्षति पुयाउन सक्ने अवस्था रहेको थियो भन्ने व्यहोराको प्र.ब.उ.हाल प्र.ना.म.नि. विश्व अधिकारीको भनाइ रहेको छ ।

स्थिति नियन्त्रण बाहिर गई सङ्घीय संसद् भवन प्रवेश गरी आगजनी तथा तोडफोड गर्न लागेको देखेर मैले प्रत्यक्ष अप्रेसन कमान्डरसँग सम्पर्क गरी बल प्रयोगको आदेश लिएर हाम्रो टोलीले अश्रुग्यास र हवाई फायरसम्म प्रयोग गरेको हो । हाम्रो टोलीबाट सो दिन ९५ अश्रुग्यास सेल, इन्सासबाट १७६ राउन्ड र एसएमजीबाट २६ राउन्ड हवाइ फायर भएको थियो । हाम्रो टोलीले कुनै भिडमाथि प्रत्यक्ष गोली चलाइएको छैन भन्ने सङ्घीय संसद् भवन सुरक्षार्थ डिउटीमा खटिएको विशेष कार्यदलका प्रमुख प्रहरी निरीक्षक समुन्नत अधिकारीको भनाइ रहेको छ ।

भदौ २३ गतेको घटनामा 'नन-लेथल' विकल्प (माइकिङ, पानीको फोहरा, अश्रुग्यास, रबर बुलेट) सक्रिय रूपमा प्रयोग गरिएको थियो । उक्त दिन भएको प्रदर्शनको क्रममा उपत्यकाभित्र धातुको गोली ५२ राउन्ड, रबर गोली ४१७ राउन्ड, ब्ल्याङ्क राउन्ड ११७ र ग्यास सेल १०१७ राउन्ड प्रहार भएको प्रतिवेदन प्राप्त भएको थियो भन्ने काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुख प्र.ना.म.नि. ओमबहादुर रानाको भनाइ रहेको छ ।

# महिला अधिकार, समानता र न्यायका विषयमा बौद्धिक बहस आवश्यक

भक्तपुर, २९ भदौ । तीजको दरखाने दिनको अवसर पारेर ख्वप कलेज अफ लले 'नेपालमा महिला अधिकारको अवस्था : हिजो, आज र भोलि' विषयक विशेष अन्तरक्रिया तथा विचार-विमर्श कार्यक्रम आइतबार आयोजना गऱ्यो । तीज पर्वलाई केवल नाचगान, तडकभडक र खानपानमा सीमित नराखी महिला अधिकार, सामाजिक समानता र न्यायका विषयमा बौद्धिक बहस गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो ।

इतिहासकार, संस्कृतिविद्, कानुन व्यवसायी, स्थानीय तहका जनप्रतिनिधि, प्राध्यापक तथा विद्यार्थीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा नेपाली समाजमा महिला अधिकारको ऐतिहासिक विकास, वर्तमान कानुनी तथा संवैधानिक अवस्था, सामाजिक चुनौती र आगामी दिनका सम्भावनाबारे विभिन्न कोणबाट गहन छलफल गरिएको थियो ।

उक्त छलफलमा संस्कृतिविद् तथा इतिहासका शिरोमणि हरिराम जोशीले नेपाली समाज मातृसत्तात्मक संरचनाबाट पितृसत्तात्मक संरचनातर्फ रूपान्तरण भएको ऐतिहासिक परिप्रेक्ष्य प्रस्तुत गर्नुभयो । भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा मूलतः मातृसत्तात्मक व्यवस्थाको अन्त्य गरी पितृसत्तात्मक संरचना स्थापित भएको प्रतीकका रूपमा विकास भएको उहाँको धारणा थियो ।

यद्यपि, घरको साँचो महिलाको हातमा हुनु, भाषालाई 'मातृभाषा' र भूमिलाई 'मातृभूमि' भनिनु तथा चाँगुनारायणको छिन्नमस्ता देवीसँग सम्बन्धित बलिदानी प्रसङ्गजस्ता सांस्कृतिक पक्षहरूले नेपाली समाजमा महिलाको मूल भूमिका र महत्त्व अझै कायम रहेको उहाँले बताउनुभयो । बुद्ध धर्ममा भिक्षुणी सङ्घको स्थापना तथा हिन्दू धार्मिक-पौराणिक परम्परामा महिलाको स्थानसम्बन्धी प्रसङ्ग उल्लेख गर्दै उहाँले ऐतिहासिक रूपमा महिलालाई दोस्रो दर्जामा राख्ने प्रवृत्ति देखिएको टिप्पणी गर्नुभयो । अब वंश, पहिचान र पारिवारिक परिचय आमाको नामबाट समेत स्थापित हुनुपर्ने धारणा उहाँले राख्नुभयो ।

इतिहास शोधकर्ता रविन श्रेष्ठले मध्यकालीन नेपालमा महिलाको कानुनी अवस्थाबारे चर्चा गर्दै राजा जयस्थिति मल्लको पालामा विकसित 'मानव



न्यायशास्त्र' सम्बन्धी व्यवस्थाको सन्दर्भ प्रस्तुत गर्नुभयो ।

बालविवाह, सतीप्रथा तथा बहुविवाहजस्ता प्रथाले तत्कालीन समाजमा संस्थागत स्वरूप पाएको भए पनि नेवार समुदायमा प्रचलित इही (बेलविवाह) तथा चण्डेश्वरी जात्राजस्ता परम्परामा महिलाको सामाजिक भूमिकालाई प्राथमिकता दिने केही विशिष्ट अभ्यासहरू रहेको उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्थानीय सरकारको दृष्टिकोण र आफ्नो व्यावहारिक अनुभव प्रस्तुत गर्दै वर्तमान संविधानले स्थानीय तहका उपप्रमुखलाई न्यायिक समिति, लैङ्गिक उत्तरदायी बजेट तथा आर्थिक सशक्तीकरणसँग सम्बन्धित विभिन्न जिम्मेवारी प्रदान गरी निर्णय प्रक्रियामा महिलाको भूमिकालाई संस्थागत गरेको बताउनुभयो ।

नयाँ पुस्तामा इतिहास, भूगोल र संस्कारसम्बन्धी ज्ञानमा कमी हुँदै जाँदा सामाजिक विचलनका समस्या देखिन थालेको टिप्पणी गर्दै उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम लागू गरी स्थानीय इतिहास, संस्कृति तथा मौलिक पहिचानबारे विद्यार्थीलाई शिक्षित गराउने प्रयास गरिरहेको जानकारी दिनुभयो ।

नेपालभाषा केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका प्रा. डा. राजनलाल जोशीले महिला अधिकारको बहसलाई आधुनिक कानुन र संवैधानिक व्यवस्थामा मात्र सीमित नगरी नेपाली समाजको सांस्कृतिक तथा शैक्षिक संरचनासँग जोडेर हेर्नुपर्ने धारणा राख्नुभयो । उहाँले महिला शब्दको वास्तविक सामाजिक तथा सांस्कृतिक अर्थ बुझ्न नसक्दा महिला अधिकारसम्बन्धी बहस वर्षमा एकपटक मनाइने दिवस वा औपचारिक कार्यक्रममै सीमित हुने गरेको बताउनुभयो ।

प्रा. डा. जोशीले नेपाली सांस्कृतिक तथा शास्त्रीय परम्पराभित्र महिलाको सम्मान र महत्त्वलाई स्थापित गर्ने विभिन्न अवधारणा रहेको उल्लेख गर्दै ती पक्षलाई आधुनिक शिक्षा र सामाजिक व्यवहारसँग जोड्नुपर्नेमा जोड दिनुभयो । उहाँका अनुसार नेपाली समाजमा महिलालाई देवीका विभिन्न स्वरूपसँग जोडेर सम्मान गर्ने सांस्कृतिक मान्यता रहे पनि व्यवहारमा भने महिलामाथि विभेद कायम रहनु विरोधाभासपूर्ण अवस्था हो । संस्कृति र व्यवहारबिचको दूरी अन्त्य गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

अधिवक्ता रोजिना श्रेष्ठले कानुनी प्रावधान र त्यसको व्यावहारिक कार्यान्वयनबिच रहेको ठूलो दूरीलाई विभिन्न उदाहरणमार्फत उजागर गर्दै मिलापत्रका माध्यमबाट सम्बन्धविच्छेद गर्दा एक महिलाले आफ्नो अधिकार तथा सम्पत्तिसम्बन्धी हक गुमाइसकेको कुरा थाहा नपाएको अवस्था रहेको बताउनुभयो ।

विवाहको कानुनी उमेर २० वर्षबाट घटाएर १८ वर्ष बनाउने विषयमा भइरहेको बहसतर्फ सङ्केत गर्दै उहाँले कर्णाली क्षेत्रका बालबालिकाहरूले यस्तो परिवर्तनबाट आफ्नो शिक्षा तथा अधिकार प्रभावित हुन सक्ने चिन्ता व्यक्त गरेको प्रसङ्ग सुनाउनुभयो ।

कार्यक्रममा सहभागी विद्यार्थीहरू सुजाता राजचलर सेजल बस्नेतले महिला अधिकार, कानुनी सुधार, सामाजिक संरचना तथा लैङ्गिक समानतासम्बन्धी प्रश्न उठाउनुभएको थियो । विद्यार्थीका प्रश्नको जवाफ दिँदै वक्ताहरूले कानुन संशोधन गरेर मात्र महिला हिंसा र विभेद अन्त्य गर्न नसकिने धारणा राख्नुभयो । विद्यालय तहदेखि नै लैङ्गिक संवेदनशीलता (Gender Sensitivity) र सहमति (Consent) को अवधारणाबारे शिक्षा दिनुपर्नेमा उहाँहरूले जोड दिनुभयो ।

कलेजकी प्राचार्य अनिता जधारीले तीज केवल सांस्कृतिक पर्व नभई महिलाका अनुभव, भावना र सामाजिक अवस्थासँग गहिरो रूपमा जोडिएको अवसर भएको बताउनुभयो ।

प्राचार्य जधारीले महिलाहरू सामाजिक, आर्थिक, राजनीतिक तथा पारिवारिक रूपमा बहुआयामिक शोषणमा पर्ने गरेको र महिलाको समग्र उत्थानबिना समाजको वास्तविक प्रगति सम्भव नहुने धारणा व्यक्त गर्नुभयो । बुर्का प्रथा, रजस्वला, दाइजोसम्बन्धी कतिपय परम्परा तत्कालीन सामाजिक अवस्था र आवश्यकतासँग कसरी जोडिएका थिए भन्ने ऐतिहासिक सन्दर्भलाई नबुझी वर्तमान कानुनी तथा सामाजिक बहस पूर्ण हुन नसक्ने उहाँले बताउनुभयो ।

कार्यक्रमको सञ्चालन बी.ए.एल.एल.बी तेस्रो वर्षका प्रविन बयकले गर्नुभएको थियो ।

मजदुर
३० भदौ, २०८३ (15 Sept., 2026)



। सम्पादकीय ।

# जेनजी प्रदर्शन के कति प्रायोजित ?

गत वर्षको भदौ २३ र २४ गतेको जेनजी उपद्रवमा ७७ जनाको मृत्यु, २,४२९ घाइते र झन्डै एक खर्बको क्षति भयो । सो उपद्रवमा देशभरिझैं आगजनी पनि गरियो । जेनजी प्रदर्शनको नेतृत्व गराउन रवि, बालेन, सुधन, सागरलगायत युवालाई अमेरिकी सरकारको गुप्तचर संस्था सीआईएका हाँगा NED, IRI, NDI, CEPPS ले करोडौं डलर खर्च गरी विध्वंस गर्ने र चुनाव जित्ने तालिम दिएको अमेरिकी संचार माध्यम 'द ग्रेजोन' का खोज पत्रकार किट क्लारेनवर्गले लेख लेखेको सार्वजनिक भयो । तसर्थ, राष्ट्रिय र अन्तर्राष्ट्रिय घटना के कति प्रायोजित रूपमा पनि घटाइन्छ भन्नेतर्फ नेपाली जनता थप सचेत हुनु जरूरी भयो । भदौ १० गते नेपालको लाङटाङ हिमालको हिमपहिरो नेपाल-चीनको सीमानदी ल्हेन्दे खोलामा ठोक्किएपछि रसुवाको भोटेकोसीमा हिमबाढी आयो । यो विनाशकारी हिमबाढीमा मृत्यु भएका १,३२५ जनाको शव फेला परेको, ५,१२० जना बेपत्ता रहेको र भौतिक पूर्वाधार ७ खर्ब रुपैयाँभन्दा बढीको संरचना क्षति भएको प्रारम्भिक आकलन सार्वजनिक भयो । विदेशी सञ्चार संस्था 'रोयटर्स' का अनुसार चीनले नेपाललाई हिमपहिरो र भारी वर्षाको सम्भावनाबारे १२ दिनअघि नै सूचना दिएको थियो । तर, रास्वपा सरकार किन सचेत भएन ? भेलबाढीलगत्तै विदेशी विज्ञहरूसँग खोज र उद्धारका लागि जनशक्ति र उपकरण सहयोग लिनुपर्नेमा रास्वपा सरकार हप्तादिन बिलम्ब गरेर किन बस्यो ?

नेपालमा २०७२ सालमा ७.६ म्याग्निच्युडको विनाशकारी भूकम्प आउँदा ३१ जिल्लामा ८,७९० जनाको मृत्यु भएको थियो भने २२,३०० जना घाइते भएका थिए । भूकम्पमा झन्डै ८० लाख मानिस प्रभावित भए र देशलाई ७ खर्ब ६ अर्ब ४६ करोड १० लाख बराबरको क्षति भएको थियो । भूकम्पको उद्धार, राहत र पुन:स्थापनाको लागि धेरै मित्र देशहरूले नेपाललाई सहयोग गरे । छिमेकी मित्र देश चीनले पनि भूकम्पपीडित नेपालीलाई सहयोग गऱ्यो । यो सहयोगबारे भ्रम पनि फैलाइयो कि "सहयोगको नाममा चीनले नेपालमा पकड जमायो" । यसकारण, भदौ १० गतेको हिमपहिरोमा रास्वपा सरकारले तत्काल विदेशी सहयोग नलिएको हो ।" काठमाडौँ उपत्यकाका भूकम्पमा पुराना सहरका पीडित जनताका घरहरू अझै पुन:निर्माण भएका छैनन् ।

चीनले कुनै पनि देशमा सेना र हतियार तैनाथ नगर्ने प्रतिबद्धता व्यवहारमा देखाउँदै आएको छ । यही भदौ २७ र २८ गते भारतको राजधानी नयाँ दिल्लीमा भएको अठारौँ ब्रिक्स शिखर सम्मेलनमा चीनले 'पारस्परिक हित र साझा जितका' लागि सहकार्यलाई जोड दिएबाट चीनको विशाल हृदय रहेको देखिन्छ । बरू, नेपाली भूमि कालापानीमा ७५ वर्षदेखि भारतीय सेना तैनाथ छ । २०७२ सालको भूकम्पको बेला राहत ल्याएको नाममा भारतले आफ्ना विमान काठमाडौँ विमानस्थलमा अवतरण गरी अन्य देशको विमान अवतरणमा बाधा तेर्स्याएको त्यतिबेलै सार्वजनिक भएको हो ।

२०७४ सालमा भएको अविरल वर्षाको कारण ३५ जिल्ला प्रभावित भयो र तराईका रौटहत, मोरङ, झापा, सर्लाहीलगायत जिल्लामा बाढीले क्षति गऱ्यो । यो बाढीले करिब ६१ अर्ब रुपैयाको भौतिक क्षति, १३४ जनाको मृत्यु र २२ जना घाइते भए । यो बाढी आउनुमा भारतले नेपालको सिमानामा सप्तरीदेखि बाँकेसम्म नेपाली भूमि डुबान हुने गरी सडक बाँध बनाउनु मुख्य कारण हो । यो यथार्थ त्यतिबेला नै सार्वजनिक भएको हो ।

२०७६ सालमा कोभिड-१९ महामारी विश्वभरि नै फैलियो । चीनले कोभिड-१९ बारे तत्काल विश्व स्वास्थ्य सङ्गठनलाई जानकारी गरायो । संयुक्त प्रयासमा कोभिड-१९ नियन्त्रण गर्ने प्रस्ताव चीनले अघि सार्दा संरा अमेरिकी राष्ट्रपति ट्रम्पले 'सामान्य रूघाखोकी' भनी बेवास्ता गरे भने भारतका प्रधानमन्त्री मोदी साँझ बिजुली निभाएर टर्चलाइट बाल्ने र थाल ठट्टाउनेमा लागे । कोभिड-१९ ले विश्वभरि जनधनको अपार क्षति गऱ्यो । नेपालमा करिब १० हजारको मृत्यु भयो भने १२ लाख जनसङ्ख्या गरिबी रेखामुनि धकेलियो र बेरोजगारी पनि बढ्यो ।

२०७२ सालमा मेलम्चीमा बाढी आयो र त्यहाँको बजार नै बगायो । काठमाडौँ उपत्यकाको लागि बनाएको मेलम्ची नदीको खानेपानीको मुहानमा पनि क्षति पुग्यो । यो बाढीमा ५० लाख अमेरिकी डलर क्षति भएको सार्वजनिक भयो । २०८० सालमा जाजरकोटमा भूकम्प आयो र १५९ जनाको मृत्यु भयो भने ६ हजारभन्दा बढी घर भत्किए । २०८१ असोज १०-१२ गतेको अविरल वर्षामा सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, पाँचथर, उदयपुर, खोटाङलगायतमा जनधनको क्षति भयो । यसमा ७८ जनाको मृत्यु तथा ८० भन्दा बढी घाइते भए भने ३४ ओटा राजमार्गको ८० स्थानमा पहिरो गयो र २६ ओटा जलविद्युत् आयोजनामा क्षति पुग्यो ।

नेपाल-चीन सीमा ल्हेन्देखोलामा २०८२ असार २४ गते पनि भेलबाढी आयो र सुक्खा बन्दरगाहमा क्षतिलगायत ५० भन्दा बढी नयाँ गाडी र एक दर्जन मालबाहक गाडी भेलबाढीमा बगाइए । वर्षाको कारण कोसी, मधेश र बाग्मती प्रदेशमा पनि त्यही वर्ष जनधनको क्षति भयो ।

# नेपालका नयाँ नेताहरूलाई अमेरिकाले तयार गरेको खुलासा

✍ किट क्लारेनबर्ग

**'नेड' सँग रास्वपाको उठबस**

रास्वपाको स्थापना सन् २०२२ मा भयो । सबैभन्दा लामो टीभी कार्यक्रम चलाएर रवि लामिछानेले गिनिज बुकमा नाम लेखाए । लगत्तै राजनीतिमा छिरे । रास्वपाका अध्यक्ष लामिछानेले पार्टी खोल्नु र 'नीति संवाद' को पहिलो चरणको पैसा सक्किनु सँगै भएको थियो ।

छिट्टै लामिछाने देशका उपप्रधानमन्त्री बने । जसरी आएका थिए, त्यसरी नै उनले राजीनामा दिनुपऱ्यो । उनले अमेरिकी नागरिकता नत्यागेको खबर बाहिर आएपछि उनी सरकारबाट बाहिरिन बाध्य भए । नेपालको संविधानअनुसार दुई देशको नागरिक मन्त्री बन्नु गैरकानुनी हो ।

ओली सरकार अपदस्थ भएपछि लामिछानेको पार्टीले नवजीवन पायो । विवादित आन्दोलनका चर्चित अनुहारहरूसँग हात मिलाएपछि रास्वपाले काँचुली फेऱ्यो ।

ती अनुहारमध्ये प्रमुख थिए बालेन शाह । पेसाले इन्जिनियर बालेन सामाजिक रूपमा सचेत र्‍याप गायक हुन् । देशभरि ख्याति पाएपछि उनी सन् २०२२ मा काठमाडौँको मेयर बनेका थिए । 'सीईपीपीएस' को दस्ताबेजमा नाम परेको तीन वर्षभित्र उनी इन्जिनियरबाट मेयर हुँदै प्रधानमन्त्री बन्ने बाटो खुल्यो ।

सन् २०२५ सेप्टेम्बरमा उनको सहर जल्यो । लगत्तै उनले सामाजिक सञ्जालमार्फत आन्दोलनकारीहरूप्रति ऐक्यबद्धता जनाए । पर्यवेक्षकहरू उनी अझ सक्रिय बनेको बताउँछन् । जस्तो, सरकारी भवनहरूमा आगजनी हुँदा उनले जानाजान आगो निभाउन महानगरको दमकल नपठाएको सरकार समर्थक विद्यार्थीहरूको दाबी छ । विद्रोहपछि शाह रास्वपामा आबद्ध भए । उनी लागेपछि रास्वपा 'राजनीतिक महाबलि' बनेको 'द काठमाडौँ पोस्ट' ले लेख्यो । यसपछि शाह रास्वपाका तर्फबाट प्रधानमन्त्री पदका उम्मेदवार बने ।

'सीईपीपीएस' ले शाहजस्ता र्‍याप गायकलाई अघि बढाएको यो पहिलो घटना होइन । अघि पनि 'नेड' ले

To enable increased access to the political system for ethnic minorities, including Dalits, Janajatis, Muslims, and Madheshis, CEPPS will support the ECN to conduct outreach to ethnic minorities and will conduct targeted civic and voter education programs using materials in a variety of ethnic languages. CEPPS partners will also connect with minority representatives such as Upendra Yadav, Mahanta Thakur, CK Raut, and Ang Kaji Sherpa to fully understand the situation and carry out targeted work.

तथाकथित शत्रु सत्तालाई उल्ट्याउन र्‍यापरहरूलाई अघि सारेको थियो । भेनेजुयला र सेनेगलमा हिपहप समूहरूलाई पैसा पेलिएको थियो । 'नेड' को पैसा खानेमा क्युबाका कम्युनिस्टविरोधी र्‍यापर र बङ्गलादेशका विपक्षी र्‍यापर पनि पर्छन् । 'द ग्रेजोन' ले यसको खुलासा गरेको थियो । नेपालका बालेन शाह पाँचौं उदाहरण हुन् ।

पैँतीस वर्षका शाह नयाँ पुस्ताबिच लोकप्रिय भए । त्यसैले गत मार्चमा उनी सांसद निर्वाचित भए । लगत्तै उनी देशको प्रधानमन्त्री बने ।

देशको नयाँ शासक तप्कामा पर्ने अर्का शीर्ष व्यक्ति हुन् - सुधन गुरूङ । सन् २०२० मा 'हामी नेपाल' भन्ने गैरसरकारी संस्था खोलेर उनी राजनीतिमा पसेका थिए । धेरै वर्ष छिटफुट राजनीतिक सक्रियता देखाउँदै आएको यस समूहले सेप्टेम्बर उपद्रवलाई संयोजन गर्न प्रमुख भूमिका खेल्यो । अन्तत: ओली सरकार ढल्यो । 'हामी नेपाल' को डिस्कर्ड सर्भरमा आन्दोलनताका हिंसात्मक सन्देशहरूको ओइरो लागेको थियो । तर, पछि आन्दोलनको नेतृत्व गर्ने गैरसरकारी संस्थाहरूले आफूलाई देशभरि भएको विनाशबाट अछुतो राख्न खोजे ।

ओली सरकार अपदस्थ भएपछि 'हामी नेपाल' ले देशको अन्तरिम सरकारका मन्त्रीहरू छनोट गऱ्यो । काठमाडौँको शक्तिशाली सेनासँग मिलेर उसले त्यसो गरेको थियो ।

बालेन शाह रास्वपा पसेलगत्तै जनवरीमा गुरूङ रास्वपामा आबद्ध भए । र, शाहजस्तै मार्चमा उनी पहिलोपल्ट सांसद बने ।

'परिवर्तनका एजेन्ट' बन्न सक्ने 'सम्भावित उदाउँदा नेता'

सामाजिक इन्जिनियरिङको विधि प्रयोग गरेर 'नेड' ले विश्वभरि सत्तापलट गर्दै आएको छ । यो उसको मिसन नै हो । यो मिसन पूरा गर्न 'नेड' ले लामो समयदेखि लक्षित देशका सबैभन्दा कमजोर तह-तप्कालाई हातमा लिन खोज्छ । नेपालको सन्दर्भमा यसको अर्थ देशका युवा, अपाङ्ग र अल्पसङ्ख्यक हुन सक्थे ।

बाहिरिएको दस्ताबेजमा एउटा अंश छ । त्यहाँ 'नेड' ले 'संसद्को नयाँ पुस्ताका नेताहरूमा नेतृत्व क्षमता जन्माउन, त्यसलाई सघाउन र सबल पार्न' आफूले गरेका कामको वर्णन पाइन्छ । त्यहाँ दस्ताबेज लेखकहरूले लेखे, "'सीईपीपीएस'/'एनडीआई' ले देशको राजनीतिक जगतबाट सम्भावित उदाउँदा नेताहरूलाई पहिचान गरेको छ । उनीहरूले पछि संसद्मा 'परिवर्तनका एजेन्ट' को रूपमा काम गर्न सक्छन् ।" आफूले छनोट गरेका ती नेताहरूलाई पछि 'सीईपीपीएस' ले दिल खोलेर सहयोग गरेको हुनुपर्छ । किनभने, यसको काम नै तिनमा 'नेतृत्व क्षमता पैदा गर्नु, तिनलाई सघाउनु र संसद्को नयाँ पुस्ताका नेता बनाउनु' थियो ।

यी 'सम्भावित उदाउँदा नेताहरू' मा शाह, गुरूङ, लामिछाने र ढकाल पनि परेका थिए । 'सीईपीपीएस' को दस्ताबेजमा उनीहरूलाई (सत्ता परिवर्तनका) 'उत्प्रेरक नागरिक नेता' भनिएको छ । तिनलाई सहयोग गर्ने योजनाका साथ दस्ताबेजको 'युवाहरूसँग पहुँच विस्तार गर्ने' खण्डमा तिनको नाम तोकिएको छ ।

नेपालमा अमेरिकाका गतिविधिहरू एउटा युवा नीति मञ्चमार्फत अघि बढाउने सोचिएको थियो । 'नेड' ले छनोट गरेका दर्जनौं 'सम्भावित भावी नेता' लाई त्यो मञ्चले आपसमा जोड्ने तय भएको थियो । यी नेतालाई चुनिएका समुदायहरूबाट लिनुपर्ने थियो । उनीहरू पश्चिम प्रायोजित स्थानीय नागरिक समाज र सङ्घ-संस्थाका प्रतिनिधि हुनुपर्ने थियो ।

'नेड' को योजना स्पष्ट थियो - आउँदो पुस्ताको संसदीय मञ्च गठन गर्न २५ देखि ३० वर्ष उमेर समूहका युवा र उदाउँदा सांसदहरूको समूह बनाएर तिनलाई गतिविधिमा व्यस्त राख्ने । 'तिनको उत्साहलाई उपयोग गर्न र संसद्को राजनीतिक संयन्त्रभित्र रहेर परिवर्तनका वाहकको रूपमा आफ्नो नेतृत्व क्षमता विकास गर्ने लक्ष्यका साथ तिनको ऊर्जालाई मोड्न यो 'मञ्च' ले लिङ्ग, क्षेत्र र जातिका दृष्टिले (नेपालको) विविधता समेट्नुपर्ने' तय भएको थियो ।

'सीईपीपीएस' र 'एनडीए' ले छनोट गरिएका भावी नेताहरूलाई सघन सहयोग गर्न चाहे । उनीहरूलाई लक्षित समूहबिच आफ्नो बोली कसरी बिकाउने (बजारीकरण गर्ने) भनी सिकाउन चाहे । पैसा बाँड्ने अमेरिकी सरकारका विभिन्न निकायहरूले ती नेताको 'सार्वजनिक छवि' चम्काउने महत्वाकाङ्क्षी योजनाहरू अघि सारेका थिए । दस्ताबेजमा 'उनीहरूलाई सामाजिक सञ्जाल, जनसम्पर्क, वाक्कला र नेतृत्व क्षमताको विकाससम्बन्धी तालिमहरू दिलाउने' वाचा गरिएको पाइन्छ ।

यी तालिमको उद्देश्य स्पष्ट थियो । दस्ताबेज भन्छ - "युवा सांसदहरूको समूह तयार गर्ने, जसले संसद्भित्र र बाहिर दैनिक रूपमा परिवर्तनका एजेन्ट भएर काम गरून् ।" दस्ताबेजमा अझ अगाडि लेखिएको छ - "यसबाट समूहमा मैत्री र एकता फस्टाउनेछ र युवा सांसदहरूलाई सुदृढ बनाउनेछ ।" यसबाट 'सीईपीपीएस' ले भन्दै आएको 'प्रगतिशील र लोकतान्त्रिक एजेन्डा' कार्यान्वयन गर्न मद्दत पुग्नेछ ।

युवा बेरोजगारी काठमाडौँको सेप्टेम्बर विद्रोहको मूल मुद्दा थियो । तर, सत्ता परिवर्तन भएको वर्ष दिनपछि पनि युवाहरूबिच बेरोजगारी ज्यूँ कात्यूँ देखिन्छ । आन्दोलनकारी युवाहरूको भावना सबैखाले बेरोजगारी अन्त्य हुनुपर्छ भन्ने थियो ।

**महिला, अपाङ्ग र अल्पसङ्ख्यक नेपालीको प्रयोग**

बाहिरिएका 'सीईपीपीएस' का दस्ताबेजहरूमा अर्को मुद्दा पनि पाइन्छ । 'राजनीतिमा दलित, जनजाति, मुस्लिम र

During the first two years, CEPPS/NDI support to parliamentary committees has led to the engagement of the Institute with almost all parliamentarians. It is increasingly clear that the capacity, skills, intent and orientation of MPs in Nepal's parliament are wide-ranging. Through continuous engagement over the past two years, CEPPS/NDI has identified potential emerging leaders across the political spectrum who could also act as agents of change in parliament. As such, CEPPS/NDI will engage with a group of 25 to 30 young and emerging MPs in year three to create the Generation Next Parliamentary Forum, representing Nepal's diversity in terms of gender, region and ethnicity to harness their enthusiasm and channel their energy towards their own leadership capacity as change makers within the political machinery of the parliament. CEPPS/NDI will focus the constituency outreach programs within this group and work with them on increasing their public exposure, supporting them in tackling contentious national political issues through a presentation on policy and policy positions, provide them with a series trainings on social media, public relations, public speaking and overall leadership development.

CEPPS/NDI will identify the MPs based on prior engagements and performance and consultations with USAID, CEPPS partners and other USAID partners. The objective of this activity is largely to build a community of young parliamentarians who act as agents of change on an everyday basis both externally and within their roles as parliamentarians. This would also create a community of friendship and solidarity across the group and bolster young parliamentarians to collectively push through progressive and democratic agendas. These trainings will be administered through four workshops and trainings (one per quarter) under a year-long course which is co-designed in quarter one with the selected parliamentarians.

मधेसीलगायत जातीय अल्पसङ्ख्यकहरूको पहुँच बढाउनु' लाई मुख्य लक्ष्य बनाइएको थियो । दस्ताबेज भन्छ - 'सीईपीपीएस' ले 'जातीय अल्पसङ्ख्यकहरूबिच पहुँच विस्तार गर्दै विभिन्न भाषामा प्रकाशित सामग्रीमार्फत तोकेरै नागरिक र मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नेछ । साथमा, 'सीईपीपीएस' का साझेदार संस्थाले 'तोकिएको लक्ष्य पूरा गर्न अल्पसङ्ख्यक समुदायका प्रतिनिधिहरूलाई जोड्ने गरी कार्यक्रम चलाउने सोचिएको थियो ।

मधेसीहरूलाई नेपालमा सीमान्तकृत समुदाय मानिन्छ । ऐतिहासिक रूपमा सीमान्तकृत बनेका तिनलाई 'नेड' र 'सीईपीपीएस' ले सत्ता परिवर्तनका आदर्श सिपाहीँ बनाउन सकिने देखेका थिए । 'सीईपीपीएस' ले सीमान्तकृत समुदायको मञ्च बनायो; अलग्गै युवा सङ्गठन बनायो । 'जातीय विभेद' लाई राजनीतिको हतियार बनाउन यस्तो सङ्गठन बनाइएको थियो ।

आफ्नो हित साँध्न 'सीईपीपीएस' ले अपाङ्ग नेपालीहरूमा पनि रूचि लिएको थियो । 'नागरिक शिक्षा तथा आन्दोलनमार्फत राजनीतिक प्रक्रियामा तिनको पहुँच बढाउन' खोजेको थियो । महिलाका हकमा पनि यही उपाय सोचियो । 'खासगरी नेतृत्व तथा नीति निर्माण गर्ने तहमा' तिनलाई उकास्ने बताइएको थियो ।

'सीईपीपीएस' ले नेपाली संसद्भित्र रहेको अन्तरदलीय महिला सङ्गठनसँग सहकार्य गरेको थियो । त्यस्तै, संसद्मा कम्तीमा एकतिहाइ महिला सहभागिता हुनुपर्छ भनेर अभियान चलाएको थियो । 'सीईपीपीएस' ले 'नेतृत्वकला र आन्दोलन गर्ने सीप सिकाउने तालिम' चलाएको थियो । त्यसले 'नेपालको सङ्घीय प्रणाली, निर्वाचन तथा राजनीतिक प्रक्रियाबारे प्राविधिक कक्षा' सञ्चालन गरेको थियो ।

'नेपालमा महिलामैत्री सामाजिक वातावरण सुधार्न' 'सीईपीपीएस' ले 'रञ्जु दर्शनाजस्ता महिला अधिकारकर्मीलाई सक्रिय सहयोग' गरेको थियो । उनी पनि पछिल्लो निर्वाचनमा रास्वपाबाट पहिलोपल्ट सांसद् निर्वाचित भएकी छिन् ।

**'नेड' ले नेपालीहरूको 'व्यवहार र मनोदशा' अध्ययन गऱ्यो**

'नेड'/'सीईपीपीएस' ले नेपालका भावी नेता मात्र छनोट गरेनन् । उनीहरूको राजनीतिक छवि चम्काउन र निर्वाचनमा तिनको सफलता सुनिश्चित गर्न ती संस्थाले विभिन्न सर्वेक्षणहरूको प्रयोग गरे ।

'सीईपीपीएस' ले आफूले रूचाएका राजनीतिक दलहरूका लागि 'देशव्यापी मत सर्वेक्षण' गऱ्यो । 'ससाना मत सर्वेक्षण' पनि गऱ्यो । कम्तीमा दस्ताबेजमा यस्तै लेखिएको छ । सर्वेक्षण र लक्षित समूह 'अमूल्य औजार' थिए; 'नेपालीहरूको सोच्ने तरिका बुझ्ने; तिनको व्यवहार र मनोदशा बुझ्ने' उपाय थिए । सीईपीपीएस' को भाषा हो यो ।

सर्वेक्षणका नतिजाहरूले 'सीईपीपीएस' का गतिविधिमा टेवा दिएको पाइन्छ । जस्तो, चुनावी बहस हुँदा संसदका उम्मेदवारहरूले सामना गर्नुपर्ने राष्ट्रिय नीतिका मुद्दासम्बन्धी प्रश्नहरूको उचित जवाफ तयार गर्न 'देशव्यापी सर्वेक्षण' को प्रयोग गरिएको थियो । यसरी नेपालका विधायक, अभियन्ता र भावी सांसदहरूलाई अगाडि नै तम्तयार पारियो । लक्षित समुदायको मनोदशासँग मेल खाने र वासिङटनको उद्देश्यसँग मिल्ने विचार प्रचार गरियो । सामान्य नेपालीहरूले पर्दा पछाडि सीईपीपीएस' को कस्तो भूमिका छ भन्ने बुझेनन् ।

**'नेड' का विद्रोहीहरूलाई सुनपानी छर्किने आयोग**

मार्च २७ गते नेपालले औपचारिक रूपमा नयाँ सरकार पायो । मूलधारे मिडियाले अघि शाह र उनको दल रास्वपाको तारिफ गरेका थिए । तर, शाहले सत्ताको बागडोर सम्हालेपछि उनीहरूले त्यस दलका शीर्षस्थ नेताहरू मुछिएका काण्डहरूमा ध्यान दिन थाले । प्रधानमन्त्री शाह आफै ती काण्डमा कतै न कतै जोडिएका थिए । शासन चलाएको ६ महिनामा सेनाले आड दिएको सुशीला कार्कीको अनिर्वाचित अन्तरिम सरकारले सेप्टेम्बरको हिंसात्मक सत्ताविद्रोहको छानबिन गर्न औपचारिक आयोग गठन गऱ्यो । आयोगको प्रतिवेदनलाई अझै पनि प्रम शाहले सार्वजनिक गरेका छैनन् । तर, मुख्य सञ्चारमाध्यमले त्यसको प्रति बाहिर ल्याए । 'न्युयोर्क टाइम्स' का अनुसार छानबिन आयोगको प्रतिवेदनमा अपदस्थ सरकारका धेरै नेतामाथि छानबिन गर्ने सिफारिस गरिएको छ । पूर्वप्रधानमन्त्री ओली पनि त्यो सूचीमा छन् । गत मार्चमा आन्दोलनकारीहरूको मृत्यु हुन दिने गरी लापरबाही गरेको अभियोगमा उनलाई पक्राउ गरिएको थियो । आयोगले प्रम शाहलगायत नयाँ सरकारका उच्चपदस्थहरूसँग पनि सोधपुछ गरेको थियो । आन्दोलनकारीहरूले गरेका गम्भीर अपराधमा उनको सम्भावित संलग्नताबारे उनलाई प्रश्न गरिएको थियो ।

पश्चिमका मूलधारे मिडियाले समेत काठमाडौँमा भएको आगजनीलाई 'योजनाबद्ध' भन्न थालेका छन् । तर, अनुसन्धाताहरूले अहिलेसम्म देशका नयाँ नेताहरूविरूद्ध मुद्दा चलाउन आनाकानी गर्दै छन् । जस्तो, मन्त्री गुरूङ र उनको गैरसरकारी संस्था 'हामी नेपाल' ले त्यस उपद्रवको चाँजो मिलाएका थिए । उनी जस्ता अरू व्यक्ति र सङ्घ-संस्था पनि छन् । तैपनि, प्रम शाह र रास्वपाका उनका अन्य सहकर्मीले कुनै दोष वा थुनछेक खेप्नुपरेको छैन ।

*बाँकी पृष्ठ ६ मा*

मजदुर
३० भदौ, २०८३ (15 Sept., 2026)



# स्टुआर्ट वंश र बेलायती प्रजातान्त्रिक क्रान्ति

✍ प्रधान

एलिजाबेथको मृत्युपछि मेरीको छोरो जेम्स-छैटौँले स्कटल्यान्डमा राज्य गर्थ्यो, बेलायतको राजगद्दीमा बस्दा उसलाई जेम्स प्रथम भनियो। जेम्सलाई आफ्नो राज्य-पदको साह्रै घमण्ड थियो र ऊ राजाको दैवी सिद्धान्तमा विश्वास गर्थ्यो। ऊ साह्रै आत्म-प्रशंसक र घमण्डी थियो र मानिसहरू उसलाई 'युरोपको बुद्धिमान मूर्ख' भन्थे। रूपको दृष्टिले ऊ साह्रै कुरूप र साहसको हिसाबले साह्रै काँतर थियो। त्यसकारण, उसलाई 'सन्की जेम्स' भनिन्थ्यो।

'ईश्वरले के गर्न सक्छ र के गर्न सक्दैन भन्ने छलफल गर्ने नास्तिक हुन्छ। त्यस्तै राजाको शक्तिमाथि आपत्ति गर्ने व्यक्ति पनि नास्तिक हो' भन्ने उसको विश्वास थियो। त्यस विश्वासअनुसार राजा सबै ऐन कानुन र संसद्भन्दा माथि थियो र उसको इच्छाअनुसार ऐन कानुन बनाउन र संशोधन गर्न सक्दथ्यो। त्यसबेला मानिसहरूमा राजा एक चमत्कार हो र उसले जे पनि गर्न सक्छ भन्ने अन्धविश्वास थियो र राजाले छोएपछि कण्ठ मालाको रोग वा गलगाँडको रोग निको हुन्छ भन्ने अन्धविश्वास थियो। त्यही विश्वासअनुसार जेम्सको छोरो चार्ल्सले एक लाख मानिसहरूलाई छोएको थियो। यसरी साधारण जनतामा 'राजाको दैवी अधिकारको' विश्वास गर्न मनग्य काम गर्थ्यो।

जेम्स गद्दीमा बसेको दोस्रो वर्षमै संसद्लाई राजाभन्दा तल देखाउन प्रतिनिधिसभालाई बारुदले उडाउने एक षड्यन्त्र गरिएको थियो। तर, त्यो षड्यन्त्र एक पत्रमार्फत उदाङ्गियो र त्यसको नेता गुएकाकेस भन्ने व्यक्ति पक्राउ पर्‍यो र सबै षड्यन्त्रकारीहरूलाई उचित सजाय गरियो। संसद् भवनको तल केही बारुदका बोराहरू राखिएका थिए। तर, बारुदमा आगो लाग्नुभन्दा पहिले नै पक्राउ परे। राजा र संसद्को अधिकारको विवाद जीवनको एउटा अङ्ग बन्दै गयो। एकचोटि संसद् सदस्यहरूको १२ जनाको एक प्रतिनिधिमण्डल दरबारमा पुग्दा जेम्सले त्यहाँ काम गर्ने कर्मचारीहरूलाई व्यङ्ग्य गर्दै भन्यो, यी १२ जना राजालाई मेचहरू ल्याइदेऊ।

राजाको त्यस व्यङ्ग्यात्मक भनाइले नै राजा र संसद्को विवादको तिक्तताको गहिराइ थाहा हुन्छ। राजाले आफूखुसी अनेक आज्ञाहरू निकाल्यो र तुरुन्तै त्यसलाई ऐन-कानुनसरह लागू गर्न र सजाय गर्न आदेश दियो। संसद् सदस्यहरू राजाको त्यस्ता आदेश राजाको अधिकारबाहिर सम्झन्थे।

राजाले न्यायाधीशहरूलाई पनि दबाब दिएर बन्दरगाह राजाको निजी ढोकासरह हो र त्यसलाई खोल्ने र बन्द गर्ने र त्यसमाथि शुल्क वा कर लगाउनु राजाको अधिकार हो भनी निर्णय गरायो।

संसद् सदस्यहरू संसद्मा बिना कुनै दण्ड-सजाय र आरोप लाग्ने भयमुक्त भएर बोल्ने र वादविवाद गर्न स्वतन्त्र होऊन् भन्ने चाहन्थे। तर, राजा जेम्स संसद्लाई त्यो बोल्ने स्वतन्त्रता दिन चाहन्नथ्यो र उल्टै संसद्को बाँकी अधिकार पनि खोस्ने धम्की दियो।

राजाको त्यस्तो स्वेच्छाचारी प्रवृत्तिबाट वाक्क भएर संसद्ले सन् १६२१ मा राजाको त्यस्ता गतिविधिको विरोधमा एक प्रस्ताव पारित गर्‍यो। त्यस प्रस्तावमा सबै अधिकार संसद्को हो भन्ने कुरा संसद्को प्राचीन र जन्मसिद्ध अधिकार हो र राजा र चर्चको सबै विषयमा संसद्ले छलफल गर्न सक्छ भन्ने उल्लेख थियो।

राजा त्यस प्रस्तावबारे सुनेर साह्रै रिसायो र आफ्नै हातले त्यस प्रस्तावलाई च्यातेर फाल्यो तथा रिसको झोकमा उसले संसद् भङ्ग गर्‍यो। साथसाथै केही संसद् सदस्यहरू पक्राउ परे र झ्यालखानामा कोचिए। त्यस घटनाले राजा र संसद्को बिचको सङ्घर्षको निम्ति बाटो खोल्यो।

**चार्ल्स- प्रथम गद्दीमा**

सन् १६२५ मा जेम्सको छोरो चार्ल्स गद्दीमा बस्यो। ऊ पनि आफ्नो बाबुजस्तै राजाको दैवी सिद्धान्तलाई मान्थ्यो र संसद्सँग निहुँ खोज्दै गयो।

चार्ल्सले दुईपटक संसद् बोलायो र भङ्ग गर्‍यो। राजा र संसद्बिचमा झगडा लगाउने व्यक्ति प्रधानमन्त्री बकिङ्घम थियो। त्यसकारण, संसद् उसमाथि मुद्दा चलाउन चाहन्थ्यो। तर, राजा ऊसँग खुसी थियो र उसको कुरा सुनेर उल्टै संसद् भङ्ग गर्‍यो।

बिनासंसद् राजाले मन बटुल्ने कोसिस गर्‍यो, तर त्यसमा ऊ सफल भएन। यसकारण, ऊ फेरि संसद् बोलाउन बाध्य भयो।

संसद्ले राजा चार्ल्सको मनसाय र बाध्यता बुझेर एक शर्तमा राजालाई पैसा दिन स्वीकार गर्‍यो। क्षमापत्र वा प्रार्थनापत्रमा संसद्लाई केही अधिकारहरू दिन उसले स्वीकार गर्‍यो। संसद्को स्वीकृतिबिना राजाले कर वा ऋण उठाउन पाउँदैन, कारण नबताई कसैलाई थुन्न पाउँदैन, कसैको घरमा सैनिक राख्न पाउँदैन र अदालतबिना कसैलाई सैनिक अदालतमा मुद्दा चलाउन पाउँदैन।

सन् १६२८ मा चार्ल्सले आफ्नो इच्छाविरुद्ध त्यस 'प्रार्थनापत्र' मा हस्ताक्षर गरेको थियो तर त्यसअनुसार व्यवहार गर्ने उसको कुनै मनसाय थिएन र राजाले आफूखुसी कर र ऋणहरू उठाउँदै गयो। राजालाई उल्काउने प्रधानमन्त्री बकिङ्घम मर्‍यो। तर, उसको ठाउँमा राजालाई भड्काउने काम स्ट्राफोर्डका अर्ल थोमस वेन्टओर्थ (Thomas Wentworth-Earl of Strafford) थियो। राज्यको मामलाको सबै काम राजाले थोमस वेन्टओर्थलाई दिन चाहन्थ्यो र धर्मको सबै कामको जिम्मा विषप लर्डलाई दिन चाहन्थ्यो।



राजा चार्ल्स द्वितीय



राजा जेम्स द्वितीय



नेता ओलिभर क्रामवेल

पुराना कागजपत्रअनुसार चार्ल्सले बन्दरगाहमा कर लगाउन सुरु गर्‍यो। जान हेम्डेन भन्ने एक व्यक्तिले राजालाई कर तिर्न अस्वीकार गर्‍यो। १२ जना न्यायाधीश भएको एक अदालतमा जान हेम्डेनलाई अभियोग लगाइयो र राजाको पक्षमा निर्णय दिइयो।

जनताले न्यायाधीशहरूलाई तर्साएर त्यस्तो निर्णय दिन लगाएको बुझे। राजाको त्यस अनुचित कार्यको विरोधमा बेलायतीहरू राजद्रोहको निम्ति तयारी गर्न लागे।

राजाले स्कल्यान्डको चर्च वा गिर्जाघरहरूमा पनि बेलायती प्रार्थना पुस्तक पढ्नुपर्ने एक ऐन बनायो। स्कटल्यान्डका जनता धार्मिक स्वतन्त्रताको पक्षमा थिए र हस्तक्षेपको विरोधमा गए। त्यहाँका सबै तहका जनता अर्थात् सामन्तहरू र सरदारहरूदेखि खेतीवालहरूसमेतले बेलायती धर्म पुस्तक नपढ्ने दृढता देखाए। त्यस विद्रोहलाई दबाउन थप सेना चाहिन्थ्यो। थप सेनाको निम्ति थप पैसा चाहिन्थ्यो।

थप सेनाको निम्ति धन जम्मा गर्न राजा चार्ल्सले सन् १६४० मा संसद् बोलायो। यो संसद् १२ वर्षसम्म रह्यो। त्यसकारण, त्यस संसद्लाई 'लामो संसद्' भनियो।

राजाले आफ्नो स्वेच्छाचारी शासन चलाउन 'कौँसिल अफ दि नर्थ', 'स्टार चेम्बर' र 'हाई कमिसन कोर्ट' जस्ता अस्थायी अदालतलाई आफ्नो स्वार्थअनुसार काम गराउन स्थायी अदालतको रूप दियो।

संसद्ले 'कौँसिल अफ दि नर्थ', 'स्टार चेम्बर' र 'हाई कमिसन कोर्ट' लाई भङ्ग गर्‍यो र राजाको इच्छाले संसद्लाई विघटन गर्न सक्दैन भन्ने ऐन बनायो। जहाज करलाई अनुचित ठहर्‍याई हेम्डेनको पुरानो निर्णयलाई पनि उल्टाइदियो।

राजा र संसद्बिचमा चर्काचर्की भइरहेको बेला आयरल्यान्डले विद्रोह गरेको थियो। जेम्स प्रथमले आयरल्यान्डको अल्स्टर प्रदेशमा बेलायतीहरू र स्कटहरूको बस्ती बसालेको थियो। आयरल्यान्डमा सन् १६४१ मा फेरि विद्रोह भयो र अल्स्टरमा धेरै बेलायती र स्कटहरू मारिए।

संसद्का सदस्यहरूले त्यस घटनालाई 'महाविद्रोह' भनी लेख प्रकाशित गरे। राजाले हेम्डेन र पिमजस्ता पाँचजना सांसदहरूलाई राजद्रोहको अपराधमा पक्राउ गर्न खोज्यो। राजा आफै सेना लिएर संसद् भवन जाँदा ती पाँचजना सांसदहरू त्यहाँबाट हिँडिसकेका थिए। संसद्ले राजाको त्यस पाइलालाई संसद्को अपमान सम्झ्यो।

राजधानी लण्डनका सारा जनता आगो भए। ती पाँचजना सांसदहरू हजारौँ जनतासँगै संसद्मा पुगे। त्यो दृश्यले राजा तर्स्यो र आफूलाई राजधानीमा एक्लो अनुभव गर्‍यो। यसकारण, १० जनवरी १६४२ को दिन राजा चार्ल्स यार्क भन्ने ठाउँमा भाग्यो।

**संसद् गृहयुद्ध सुरु**

चर्चको प्रार्थना, सेना र राजाका छोरा-छोरीको शिक्षा र विवाहमा संसद्को अधिकार चाहन्थ्यो। चार्ल्सले संसद्को प्रस्तावलाई अस्वीकार गर्‍यो र नाटिङघममा आफ्नो केन्द्र बनायो। अब बेलायत दुई शिविरमा विभाजित भयो।

राजाको पक्षमा सामन्त, सरदार र धर्माधिकारी पादरीहरू थिए। तिनीहरूलाई 'राजावादी' भनिए।

अर्को पक्षमा संसद् थियो। संसद्को पक्षमा गाउँका कृषक र किसानहरू थिए। तिनीहरूले धार्मिक भावनाको कारण कपाल खौरेका थिए। त्यसकारण, तिनीहरूलाई 'खाली कपाल' भन्थे। तिनीहरू रक्सी पिउने वा अन्य अनुचित काम गर्दैनथे। आक्रमण गर्ने बेलामा तिनीहरू बाइबलको गीत गाउँथे र तिनीहरूले हार पनि खाएका थिएनन्।

'खाली कपाल' को सेनाको एक अफिसरको नाम थियो 'ओलिभर क्रामवेल'। उनी एक सांसद थिए र संसद्को सेनाको एक घोडचढी सेनाको कर्नेल। उनको सेनामा संसद्का अन्य सिपाहीहरू पनि थिए। तर, तिनीहरू अनुशासित र राम्रो सङ्गठित थिएनन्। तिनीहरूले समयमा तलब पनि पाउँदैनथे, यसकारण अफिसरको आज्ञा पालन, देशभक्ति र कुनै धर्म र नैतिकता थिएन। सांसदहरू स्वयं सैनिक अफिसरहरू थिए तर सेनाको निम्ति योग्य थिएनन्। यसकारण, सांसदहरूले पद त्यागे तथा २१ हजार नयाँ सेना भर्ना गरिए। फेयरफेम्स सेना नायक भए र क्रामवेल उपसेना नियुक्त भए।

संसदीय सेनाका अधिकारीहरूमा धर्मप्रति पवित्र भावना थियो अर्थात् तिनीहरू 'प्युरिटन' थिए। लडाइँबाट छुट्कारा पाउनासाथै तिनीहरू बाइबल पढ्थे। यसको अर्थ तिनीहरू धार्मिक भावना र जोशमा लड्थे।

संसद्को सेनाले राजालाई नेजवीको लडाइँमा पराजित गर्‍यो। राजा चार्ल्स प्रथम लडाइँको मैदानबाट भागेर स्कटल्यान्ड गयो र तिनीहरूको सहायता माग्यो। स्कट्ल्यान्डीहरू राजालाई धार्मिक मामलाको केही शर्तमा हस्ताक्षर गराउन चाहन्थे। राजाले ती शर्तहरू मान्न अस्वीकार गरे। यसकारण, तिनीहरूले राजालाई संसद्मा बुझाए।

केही सांसदहरू राजालाई बेलायती संविधान र ऐन-कानुनअनुसार राज्य गर्न मानेमा फेरि गद्दीमा राख्न चाहन्थे। तर, क्रामवेल र उनका सैनिक साथीहरूले राजालाई पुन: गद्दीमा ल्याउन चाहने सांसदहरूलाई नै संसद्बाट निकाल्ने निश्चय गरे।

प्राइड नाउँका क्रामवेलको पक्षको सैनिक एक अधिकारी संसद्को ढोकामा खटियो। राजालाई गद्दीमा फेरि ल्याउन खोज्ने सांसदहरूलाई संसद् भवनमा प्रवेश गर्न दिइएन। सेनाले खाली ५० सदस्यमात्रै भित्र पस्न दियो। चार्ल्समाथि मुद्दा चलाउन तत्काल १ सय ३५ जनाको एक अदालत गठन गरियो।

राजा चार्ल्सले कुनै भौतिक शक्ति उसलाई न्याय गर्न सक्दैन भनी अदालतलाई मान्न अस्वीकार गर्‍यो। अदालत चालू रह्यो र अदालतले उसलाई एक हप्ताभित्र अत्याचारी, हत्यारा र देशद्रोहीको आरोप लगायो।

**राजालाई ज्यान सजाय**

अदालतले राजालाई ज्यान सजाय दियो। ज्यान सजाय दिने ठाउँमा चार्ल्सले भन्यो- "म मानिसहरू सबै प्रकारको स्वतन्त्रताको पक्षमा छन् तर यो स्वतन्त्रता खाली सरकारबाट मात्रै प्राप्त हुनेछ भन्ने म सम्झन्छु। मानिसहरूको निम्ति राम्रो शासन व्यवस्था हुनुपर्दछ। त्यसमाथि हस्तक्षेप गरेर कुनै अर्थ निस्कन्न।"

राजाको टाउकोलाई गेडसाले काटिसकेपछि त्यस टाउकोलाई हातमा उठाएर भने, "यो देशद्रोहीको टाउको हो।" जनतामा नयाँ जोश थियो। यसकारण, संसद्ले राजालाई देशको एउटा भार तथा स्वतन्त्रताको बाटोमा एउटा बाधकमात्र हो भनी राजा र राष्ट्रियसभा (हाउस अफ लर्ड) को ठाउँमा एउटैमात्र सदन राष्ट्रमण्डल 'कमन वेल्थ' बनाइयो। त्यस 'कमन वेल्थ' वा संसद्ले कार्यकारिणी कार्यको निम्ति ४१ जनाको एक स्टेरकाउन्सिल अर्थात् 'राज्य परिषद्' बनायो।

**युरोपमा भुइँचालो**

बेलायतमा राजालाई ज्यान सजाय दिएर राजतन्त्रलाई फालेपछि युरोपका सबै राजा काट्न थालिए। रुस, फ्रान्स र हल्यान्डले त्यसको विरोध गरे। स्कटल्यान्डले चार्ल्सको छोरो चार्ल्स दोस्रोलाई राजा मान्यो। बेलायत र आयरल्यान्डको एउटा राजनैतिक दलले राजाको पक्ष लियो।

**क्रामवेलका अत्याचारहरू**

सन् १६४९ मा क्रामवेल आफै सेना लिएर आयरल्यान्डमा धावा बोल्यो र डराचेडा किल्लामा ३००० सिपाहीहरूलाई हत्या गर्‍यो। गिर्जा घरमा शरण लिएका १००० साधारण जनतालाई पनि क्रामवेलले हत्या गरे। अन्य धेरै किल्लालाई पनि कब्जा गरे तथा निर्दयतापूर्वक हत्याहरू गरे। अन्य बाँकी भएका जनतालाई जहाजमा राखेर बारवाडोस भन्ने ठाउँमा पठाइए।

आयरल्यान्डका राम्रा राम्रा जग्गामा त्यहाँका जनताबाट खोसेर बेलायती र स्कटल्यान्डका प्रेसविररियालीहरूको बस्ती बसाल्न दिए। त्यसबेलादेखि आयरल्यान्डका जनताले बेलायतीहरूलाई साह्रै घृणा गर्दै आएका छन्। यसलाई इतिहासमा क्रामवेलको कालो दाग भनेर स्मरण गरिन्छ।

**क्रामवेलको स्कटल्यान्डमा धावा**

सन् १६५० मा क्रामवेलले स्कटल्यान्डमाथि धावा बोल्यो। क्रामवेलको प्युरिटन सेनाले डनबार भन्ने ठाउँको रणभूमिमा स्कटेली सेनालाई नराम्रोसँग हराए तथा १० हजार मानिसलाई बन्दी बनाए।

सन् १६५१ मा क्रामवेलले अर्को विजय पाए तथा सम्पूर्ण स्कटल्यान्डमाथि आफ्नो आधिपत्य जमाए। क्रामवेलको त्यस विजयले स्कटल्यान्डमा ठुलो डर त्रास फैलियो र चार्ल्स त्यहाँबाट नारमण्डी भागे।

**क्रामवेलको परराष्ट्र नीति**

ब्रिटिश द्वीपहरूमा क्रामवेलको अधिकारलाई स्वीकारेपछि क्रामवेलले हल्यान्डसँग व्यापार बढाउन खोजे। तर, हल्यान्ड वा डचहरूले बेलायती शर्तहरूलाई मानेनन्। यसकारण, बेलायती संसद्ले एक जल यातायात (नेभिगेसन एक्ट) ऐन पारित गर्‍यो। त्यस ऐनअनुसार बेलायती जहाजहरूले बेलायतमा उत्पादित सामानमात्रै ढुवानी गर्न पाउनेछन्।

यसको अर्थ हो त्यसबेला बेलायती जहाजहरूलाई हल्यान्ड वा डच व्यापारीहरूले प्रयोग गर्थे र टाढा-टाढाबाट बेलायतमा सामान ल्याउँथे। त्यस नयाँ पानीजहाजको ऐनले हल्यान्डको जहाज र व्यापारलाई बेलायतमा बन्द गर्नु थियो। यसकारण, हल्यान्ड र बेलायतबिचमा लडाइँ भयो।

त्यो युद्ध ३ वर्ष चल्यो। अन्तमा दुई देशबिच सम्झौता भयो।

त्यस युद्धले सफलता पाए पनि सन् १६४९ देखि १६५३ सम्म बेलायती सेनाको अगुवाइ गर्ने सर हेनरीवेलले जलसेनाको शक्तिमा वृद्धि गर्‍यो। त्यसले संसद्को सेना तुलनात्मकरूपले सानो र कमजोर बन्यो। त्यस स्थितिमा संसद् र सत्ताबिचमा शक्ति प्रतिस्पर्धा देखापर्‍यो।

क्रामवेलले भएको संसद्लाई भङ्ग गरेर नयाँ संसद् बनाउन चाहे। संसद्ले त्यसो गर्न अस्वीकार गर्‍यो। स्थिति आफ्नो हातबाट बाहिर जाने देखेर क्रामवेल आफै सेना लिएर संसद्मा पुगे।

एकछिन संसद्को छलफल सुनिसकेपछि क्रामवेलले भने, "अब तपाईँहरू आफ्नो कुरा यही बन्द गरौँ। ईश्वरको निम्ति यो संसद् यही भङ्ग हुन्छ। एकै छिनमा त्यहाँ क्रामवेलको सेनाले प्रवेश गर्‍यो, खैलाबैला भयो र संसद् भवन खाली गर्‍यो र सेनाले त्यसमा ताला लगायो। यो संसद् १६४० देखि १६५३ सम्म रह्यो। १२ वर्षसम्म त्यस संसद्ले काम गर्‍यो। यसकारण, त्यस संसद्लाई 'लामो संसद्' (Long Parliament) भन्ने गरिन्छ।"

क्रामवेलले संसद् भङ्ग गरेपछि छिट्टै १ सय ५६ सदस्य भएको नयाँ संसद् बोलाए। त्यसमा धार्मिक र अनेक सम्प्रदायका मानिसहरू सामेल थिए। ५ महिनाभित्र नयाँ विधान तयार गरियो। त्यस विधानअनुसार शासन एक संसद् र एक राजपरिषद् (State Council) को हातमा सुम्प्यो। परिषद्को सभापतिलाई सबै कार्यकारी अधिकार दिइयो र उसलाई बेलायत, स्कटल्यान्ड र आयरल्यान्डको 'संरक्षक' (Proctor) भनियो।

***साभार : लर्को बुलेटिन, ६***

***क्रमश:***




संरा अमेरिका, दक्षिण कोरिया र जापानको संयुक्त सैन्य अभ्यास सकिएको एक दिनपछि प्रजग (उत्तर) कोरियाले क्षेप्यास्त्र, तोपखाना र ड्रोनसहित संयुक्त प्रत्यक्ष गोलीबारी अभ्यास गरी 'विशाल विनाशकारी शक्ति' गरेको प्रदर्शनका केही झलक । सेप्टेम्बर १३, २०२६ शनिबारको दिन भएको अभ्यास एकीकृत हतियार नियन्त्रण प्रणालीको क्षमता परीक्षणमा केन्द्रित थियो । अभ्यासको निरीक्षणपछि कोरियाली जनसेनाका मार्सल पाक जोङ चोनले एकीकृत हतियार प्रणालीले ठुलो स्तरमा एकीकृत रूपमा प्रहार गर्न सक्ने क्षमता देखाएको बताउनुभएको छ । *तस्बिर : केसिएनए*

# चीनले इरानलाई सूचना दिएको खबर ट्रम्पद्वारा अस्वीकार

वासिङ्टन, २९ भदौ (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी क्षेप्यास्त्र आक्रमणमा तीन अमेरिकी सैनिकको मृत्यु हुनुअघि र पछि जोर्डनस्थित अमेरिकी सैन्य अड्डाका स्याटेलाइट तस्बिर चिनियाँ संस्थाले इरानलाई उपलब्ध गराएको भन्ने समाचारलाई अस्वीकार गरेका छन् ।

वाल स्ट्रिट जर्नलले चिनियाँ संस्थाले तेहरानलाई उक्त सैन्य अड्डाका तस्बिर उपलब्ध गराएको समाचार सार्वजनिक गरेको भोलिपल्ट आइतबार एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले अमेरिका र चीनबिच एकअर्काको गुप्तचर गतिविधि हुने बताए ।

जुलाई १७ मा इरानले जोर्डनस्थित मुवाफाक सल्टी एयर बेसमा क्षेप्यास्त्र आक्रमण गर्दा तीन अमेरिकी सैनिकको मृत्यु भएको थियो । जर्नलले उद्धृत गरेका नाम नखुलाइएका अमेरिकी अधिकारीहरूले स्याटेलाइट तस्बिर उपलब्ध गराउने चिनियाँ संस्थाको नाम खुलाएका छैनन् र चिनियाँ सरकार प्रत्यक्ष रूपमा संलग्न रहेको आरोपसमेत लगाएका छैनन् ।

चिनियाँ अधिकारीहरूले स्याटेलाइट तस्बिर हस्तान्तरण भएको प्रमाण मागेको तथा चिनियाँ कम्पनीहरू तेहरानलाई तस्बिर उपलब्ध गराउन संलग्न रहेको अस्वीकार गरेको जर्नलले जनाएको छ ।

यस घटनाले सेप्टेम्बर २४ मा चिनियाँ राष्ट्रपति सी चीनफिङको ह्वाइट हाउस भ्रमणअघि वासिङ्टन र बेइजिङबिचको तनाव बढाउन सक्ने देखिएको छ । राष्ट्रपति ट्रम्पले चीनलाई इरानलाई हतियार बिक्री नगर्न चेतावनी दिँदै आएका छन् । मे महिनामा अमेरिकाले इरानको सैन्य गतिविधिमा सहयोग गरेको आरोपमा चीनमा आधारित तीन स्याटेलाइट कम्पनीमाथि प्रतिबन्ध लगाएको थियो । चीन इरानको प्रमुख आर्थिक साझेदार हो र उसको ठुलो परिमाणको तेल खरिद गर्नुका साथै तेहरानलाई कूटनीतिक समर्थन गर्दै आएको छ ।

## विश्व सङ्क्षेप

# साउदी अरबमा हुथी हमलाको दाबी

रियाद, २९ भदौ (एएनआई) । यमनका हुथी विद्रोहीले साउदी अरबको दक्षिणी क्षेत्रमा क्षेप्यास्त्र आक्रमणको नयाँ लहर चलाएको इरानी सरकारी सञ्चारमाध्यम प्रेस टीभीले सोमबार दाबी गरेको छ । दक्षिणी क्षेत्रमा शक्तिशाली विस्फोट भएको तथा सीमावर्ती सहरका बासिन्दालाई सुरक्षा चेतावनी जारी गरिएको बताइएको छ ।

अल जजिराका अनुसार साउदी नागरिक सुरक्षाले दक्षिणपश्चिमी क्षेत्रका खामिस मुशैत र आभाका बासिन्दालाई एक घण्टाभित्र दोस्रोपटक चेतावनी जारी गरेको थियो । यमनको सीमासँग नजिक रहेका यी दुवै सहरमा हुथी आक्रमणको जोखिम बढेको बताइएको छ ।

हुथी सैन्य प्रवक्ता याह्या सारीले आइतबार साउदी अरबको शारुराहस्थित सैन्य अड्डाको हतियार भण्डार तथा कमान्ड र नियन्त्रण कक्षमा आक्रमण गरेको दाबी गर्नुभएको छ । अल जजिराका अनुसार साउदी सीमामा भएका हुथी आक्रमणमा दुई जना घाइते भएका छन् ।

यसैबिच, यमनको पश्चिमी तटका अस्पतालहरू हिंसा र स्वास्थ्य प्रणालीमा आएको अवरोधका कारण सेवा सञ्चालन गर्न कठिनाइमा परेका छन् । 'डक्टर्स विदाउट बोर्डर्स' का यमन निर्देशक लु कोर्म्याकले केही अस्पताल पुन: सञ्चालनमा आए पनि स्वास्थ्यकर्मी र अन्य जनशक्तिको ठुलो अभाव रहेको बताउनुभएको छ । उपचारका लागि पर्याप्त स्वास्थ्य सुविधा नहुँदा सर्वसाधारणको ज्यान जोखिममा पर्न सक्ने उहाँले बताउनुभयो ।

हुथीले लाल सागर र बाब अल-मन्देब जलडमरुमा साउदी अरबको तेल निर्यातसँग सम्बन्धित जहाजलाई समेत लक्षित गर्दै आएको अल जजिराले जनाएको छ । सीबीएस न्युजका अनुसार साउदी युवराज मोहम्मद बिन सलमानले हुथीविरुद्ध सैन्य कारबाही गर्न अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग आग्रह गर्नुभएको थियो, तर उहाँले आग्रह अस्वीकार गर्नुभएको बताइएको छ ।

यसैबिच, नयाँदिल्लीमा जारी ब्रिक्स घोषणामा साउदी अरब, इरान र संयुक्त अरब इमिरेट्ससहित सदस्य राष्ट्रहरूले पश्चिम एसियामा बढ्दो तनावप्रति चिन्ता व्यक्त गर्दै संयम अपनाउन आग्रह गरेका छन् । घोषणामा नागरिक तथा नागरिक पूर्वाधारको सुरक्षा, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान तथा स्थायी शान्तिका लागि संवाद र कूटनीतिक प्रयासमा जोड दिइएको छ ।

# फिलिपिन्समा संसदीय निर्वाचनअघि गोलीकाण्ड, ३ जनाको मृत्यु

मनिला, २९ भदौ (सिन्ह्वा) । फिलिपिन्सको दक्षिणी क्षेत्रमा रहेको बाङ्सामोरो स्वायत्त क्षेत्रको संसदीय निर्वाचनअघि भएको गोलीकाण्डमा तीन जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् ।

स्थानीय प्रहरीका अनुसार आइतबार मध्यरातअघि कोटाबाटो सहरस्थित एक मतदान केन्द्रमा घटना भएको हो । मतदानका लागि लाइनमा बस्ने विषयमा प्रतिद्वन्द्वी राजनीतिक समूहबिच विवाद भएपछि धकेलाधकेल र हात हालाहाल भएको थियो । विवाद बढ्दै जाँदा गोली चलेको प्रहरीले जनाएको छ ।

यो घटना बाङ्सामोरो स्वायत्त क्षेत्रको पहिलो निर्वाचित संसद् चयनका लागि सोमबार सुरु भएको निर्वाचनको पूर्वसन्ध्यामा भएको हो ।।

स्थानीय सञ्चारमाध्यमका अनुसार यस निर्वाचनमा २० लाखभन्दा बढी मतदाता मतदानका लागि योग्य छन् । १३ राजनीतिक दलबाट ८० संसदीय सिटका लागि उम्मेदवारहरू प्रतिस्पर्धामा छन् ।

निर्वाचनलाई लक्षित गर्दै बाङ्सामोरो क्षेत्रमा पछिल्ला दिनमा सुरक्षा व्यवस्था कडा पारिएको छ । मतदान केन्द्रहरूको सुरक्षाका लागि २० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ भने सम्भावित हिंसात्मक घटनाको तत्काल सामना गर्न द्रुत प्रतिक्रिया टोलीसमेत परिचालन गरिएको छ ।

***नेपालका...***

यो हेर्दा एउटा स्वाभाविक प्रश्न उठ्छ - के छानबिन आयोगको निष्कर्ष नेपालको वर्तमान सरकारबाट प्रभावित त थिएन ? कम्तीमा धेरै उत्तरदाताले आयोगसामु झूटो बोलेको देखिन्छ । जस्तो, विद्रोहको बेला बालेन शाह काठमाडौँका मेयर थिए । उनले आन्दोलनकारीहरूले आगजनी गरेपछि आगो निभाउन आफूले तुरुन्तै महानगरको दमकल पठाएको बयान दिए । तर, आगो निभाउनका लागि कुनै पनि दमकल यथासमय नपुगेको प्रतिवेदनमा उल्लेख छ । यसको अर्को रोचक पक्ष पनि छ । उपद्रवको बेला शाहको नियन्त्रणमा रहेको काठमाडौँ महानगरका कुनै पनि सरकारी भवनमा आगलागी भएको थिएन ।

राजनीतिक रूपमा प्रभावशाली देखिएको नेपाली सेनालाई आन्दोलनकारीहरूले तारो नबनाउनु पनि शङ्कास्पद छ । आगजनीले बढी क्षति पुऱ्याएका सरकारी भवनहरूमा सेनाको प्रतिक्रिया निकै सुस्त देखियो । जबकि ती भवन परिसरभित्रै सेनाका छाउनी थिए । घटना भएको धेरै हप्तापछि पनि अपराधस्थलमा विज्ञले अनुसन्धान गरेका थिएनन् । जबकि त्यस अवधिमा प्रमाण मेटिने सम्भावना बढिसकेको थियो ।

मूलधारे मिडियामा आएका समाचारअनुसार रास्वपाका संस्थापक तथा लामो समयदेखि 'नेड' का 'मान्छे' (एसेट) रहेका रवि लामिछाने छानबिन आयोगको प्रतिवेदनमा एक मुख्य 'विवादास्पद पात्र' हुन् । विगतका कानुनी उल्झनहरूले गर्दा पनि उनी प्रतिवेदनमा तानिएका हुन् । रास्वपाले भ्रष्टाचारको विरोध गर्छ । तर, उनी त्यसको नेता भइरहँदा पार्टीको भ्रष्टाचारविरोधी अडानमाथि आशङ्का उब्जिन्छ ।

लामिछाने सन् २०२५ अप्रिलमा थुनामा परेका थिए । ठगीजस्ता अनेक गम्भीर अपराधमा मुछिएको आरोपमा उनीमाथि छानबिन चलिरहेको थियो । सेप्टेम्बर विद्रोहको बेला उनलाई सरकारविरोधी आन्दोलनकारीहरूले थुनाबाहिर निकाले । त्यो आक्रोशित भिडमा उनका हजारौँ समर्थक थिए । उनीहरूले जेल तोडे र जेलका अधिकृतलाई जबरजस्ती लामिछानेको रिहाइ पत्रमा हस्ताक्षर गर्न बाध्य पारे । त्यही दिन रास्वपाका एक जिल्ला नेताले 'कान्तिपुर' मिडिया ग्रुपको प्रधान कार्यालय जलाउँदा रमाइरहेको भिडियो आयो । त्यस मिडियाले लामिछानेको नागरिकता विवादबारे समाचार लेखेर उनको पोल खोलेको थियो; उनलाई पहिलोपल्ट मन्त्री पदबाट राजीनामा दिन बाध्य पारेको थियो ।

'कान्तिपुर' मा भएको तोडफोड र आगजनीबारे लामिछानेले सार्वजनिक रूपमा कहिल्यै टिप्पणी गरेका छैनन् । छानबिन आयोगका एक अधिकारीले त्यहाँ भएको आगजनीमा रास्वपा जोडिनु 'स्वाभाविक हो' भनेका थिए । हिंसासम्बन्धी यस्ता तन्तुहरू काठमाडौँका नयाँ नेताहरूलाई अमेरिकी साम्राज्यका आज्ञाकारी सेवक बनाइराख्ने साधन हुनसक्छन् । ती तन्तुलाई उनीहरूमाथि अभियोग चलाउन सकिने गरी सम्भावित दबाबको साधन पनि बनाउन सकिन्छ ।

> In line with the objectives of the *Indo-Pacific Strategy*, CEPPS/NDI will work with youth to empower them to become more actively involved in the political process and strengthen their voice and standing within parties. Activities with both groups will build the capacity to influence decision making processes within parties and their political skills in general. Similar to the second year workplan, CEPPS/NDI will continue to coordinate with CS:MAP and the participating CSOs throughout the process, ensuring their inclusion and active participation and collaboration. The programs will simultaneously be conducted for both groups in November 2019 and March and July 2020.

**चीनसम्बन्धी सोच**

बाहिरिएका दस्तावेज पढ्दा आफूले तालिम दिएका अमेरिकापरस्त कार्यकर्ताहरूले कसरी अमेरिकाको सेवा गर्छन् भन्ने स्पष्ट हुन्छ । ती दस्तावेजले अर्को तथ्य पनि औँल्याउँछन् । त्यो हो - चीनको क्षेत्रीय प्रभावलाई धुजाधुजा पार्ने । उसको चीनविरोधी अभियान कति प्रभावकारी भयो भन्ने प्रस्ट छैन । तर, हिमपहिरोकै निहुँमा चीन र नेपालबिच सुध्रिन सक्ने आपसी संवाद पनि बिथोलिएको हुनसक्छ ।

सीईपीपीएस' को अर्को दस्तावेजमा सङ्गठनको अर्को पाटो पनि छ । दस्तावेजमा उसले 'सुशासन, व्यापार र मानव अधिकार, निगरानी प्रविधि, वातावरण विनाश र जातीय अल्पसङ्ख्यकमाथि दमनजस्ता मुद्दामा चीनले पार्ने नकारात्मक प्रभाव' विरूद्ध 'सञ्चार संयोजन' गर्ने बताइएको छ ।

यस्तो संयोजनमा चीनको 'बेल्ट र रोड अगुवाइ' ( बीआरआई) को अंशको रूपमा गरिने तथाकथित 'चीनको जीवाश्म इन्धन, भौतिक पूर्वाधार र जलविद्युत्मा लगानीको हानिकारक प्रभाव' लाई उजागार गर्ने काम पर्छ । त्यसैले सीईपीपीएस' ले लामो समयदेखि चीनको विकास कार्यक्रमको सिलसिलामा हुने तथाकथित कुकर्मलाई 'सम्बोधन गर्ने गरी बीआरआई अदालत' गठन गर्नुपर्ने पैरवी गर्दै आएको छ ।

सीईपीपीएस' को प्रतिवेदन (सन् २०१९) मा नेपालमा उसका गतिविधि '(अमेरिकाको) हिन्द-प्रशान्त रणनीतिको लक्ष्य अनुरूप' सञ्चालित भइरहेको उल्लेख छ । हिन्द-प्रशान्त रणनीति मूलत: आज्ञाकारी सरकारहरू र अमेरिकी सैन्य अखडाको निर्माणद्वारा पेइचिङलाई घेर्ने रणनीति हो ।

त्यसो हो भने वासिङटनको लडाइँ सजिलो देखिन्छ । सेप्टेम्बर २ को एक खुलापत्रमा 'जेनजी क्रान्ति' मा समर्थन जनाएका नेपालका नागरिक समाजका अगुवाहरूले सार्वजनिक रूपमै सरकारको आलोचना गरे । उद्धार कार्यमा सरकारले देखाएको हेलचेक्राइँको आलोचना गर्दै गर्दा चीनविरोधी भावनाले पनि हावा खायो । वक्तव्यमा ३५ जना अगुवाको हस्ताक्षर छ । तीमध्ये कम्तीमा तीन जना सन् २०२५ को उपद्रवको समर्थक थिए । केन्द्र सरकारको आलोचना गर्दै पत्र भन्छ, "विपत्तिबीच खोजी, उद्दार तथा राहत वितरणमा सरकार संयोजनकारी र जिम्मेवार भूमिका खेल्न असफल भएको छ ।"

उनीहरूले प्रधानमन्त्रीको सहयोग कोषमा जम्मा गरिएका भौतिक सामग्री र राहत कोषमा वित्तीय पारदर्शिता अपनाउनुपर्ने माग गरेका छन् । एक समाचार संस्था लेख्छ, "पूर्व चेतावनी प्रणालीका सन्दर्भमा चीनसँग बलियो सहकार्य गर्नुपर्ने अभियन्ताहरूको माग छ ।"

*(किट क्लारेनबर्ग खोजपत्रकार हुन् । उनी 'मिन्टप्रेस न्युज' मा कार्यरत छन् । राजनीति र दृष्टिकोण निर्माणमा गुप्तचर निकायहरूले खेल्ने भूमिकाको विषयमा उनको विशेष रूचि छ । उनका लेख-रचना 'द क्रेडल', 'डिक्लासिफाइड युके' र 'ग्रेजोन' मा पढ्न पाइन्छ । स्रोत : द ग्रेजोन डट कम । सम्यक)*

**समाप्त**

# वर्तमान सन्दर्भमा 'आत्मनिर्भरताको प्रश्न' बारे सङ्क्षिप्त चर्चा

✍ प्रा.डा. मुकेशकुमार चालिसे

अहिले देशमा अस्थिर हिउँको तहको क्षय र हिमतालको विस्फोटनपश्चात् देखापरेको सप्तगण्डकी प्रणालीको एक हाँगामा बाढीको समस्याले खास गरेर वाग्मती प्रदेशमा चीनसँगको केरूङ र तातोपानीका अन्तरदेशीय नाकासहित मध्य नेपालमा जनधनको क्षतिले हाहाकार भएको अवस्था छ। यो प्राकृतिक प्रकोपको मोटामोटी उद्‌गम जरोमा पुग्ने हो भने मानवीय कारणले सिर्जना गरेको वातावरणीय मात्रा बढी देखिन्छ भने स्वतःस्फूर्त सामान्य प्राकृतिक चक्र पनि हो भन्न सकिन्छ।

यतिखेर मानवीय क्षति र हताहतको टुङ्गो तोक्न आँकडामा नसके पनि हजारौँको सङ्ख्यामा भएको पक्कै छ भने अरबौँ मूल्यको भौतिक सम्पत्ति, घरबास तथा उब्जाउ खेतबारीको ठाउँमा बालुवा, गेग्रिन र तटीय भागमा ढुङ्गाको मरूभूमि भएको छ। समूल वंश नाश, पारिवारिक छिन्नभिन्नता, हप्तौँ हजारौँ बेपत्ता, असहायको अलपत्र बचाइमा सरकारको अकर्मण्यताले थप मानसिक तथा विक्षिप्त सामाजिक परिस्थिति सिर्जना भएको छ। भियतनाममा र जापानको हिरोसिमामा गरिएको आततायी बम विस्फोटनपछि खिचिएको सानो भाइ बोकेकी दिदी र नाङ्गै भौतारिएकी सानी किशोरीझैँ नेपालमा पनि विवेकी पत्रकारले खिचेका फोटा कहिलेकाहीँ सामाजिक सञ्जालमा देख्दा आङसिरिङ्ग भएर काम्छ, कति हृदयविदारक समय खप्नुपरेको छ बाढी प्रभावित क्षेत्रका नेपालीले ? विपद् टरेपछिको प्रभावित क्षेत्रको अवस्था, सरकारको व्यक्ति र समूहवीर बन्ने कामका तरिका, सर्वसाधारणबाट दिन खोजेको सशरीर सहयोग वा जिन्सी बुझाउने विश्वस्त केन्द्रको अभाव, मौजुदा राहत सामग्रीको ओसारपसार र बेपत्ताहरूको खोज-पडतालको गति, प्राविधिक क्षमता र प्राथमिकताबारे सञ्चारमा बाहिर आएका समाचारले बैराग्यमा पर्नुबाहेक आशा गर्ने ठाउँ कम देखिन्छ। स्थानीय जानकार प्राथमिक तहका जिम्मेवार प्रशासनिक कर्मचारीका साथै जनप्रतिनिधिहरूलाई केन्द्रले समन्वय गरेर परिचालन भएको कम देखियो र विपद् अवस्थामा सोझै प्रभावित क्षेत्र तथा तल्ला तटीय भागमा गरिनुपर्ने सावधानी र जनपरिचालन पनि नगण्य रह्यो। विपद्‌मा परेकाको राहत, सद्‌भाव तथा सहयोगका कुरा ओझेलमा परेझैँ भएकै हो।

प्राकृतिक प्रकोपमा बाढीजन्य, पहिरो, भूकम्प र कोरोना महामारी पछिल्लो एक दशकभित्रै नेपालीले व्यहोरेका छन् भने त्यस्ताबाट जनस्तरमा साथै प्रशासनिक अनुभव अहिलेका वयस्कले प्रशस्त बटुलेका छन्। त्यसअघिका घटनामा १९९० सालको महाभूकम्पदेखि यताका विविध प्राकृतिक प्रकोपका पेलाइमा अनुभवी पाका मानिसहरू पनि हजारौँका सङ्ख्यामा अझ भेटिनु हुन्छ। विपद्‌को प्रभावका जानकार तथा व्यवस्थापनका अनुभवीहरूको कमी नेपालमा समस्या होइन, केही आधुनिक निर्माण तथा विपद्‌मा तिनको उचित संरक्षणका साथै आपत्‌मा आवश्यक व्यवस्थापन गर्न आधुनिक विज्ञहरूको केही कमी छ। तर, जनसङ्ख्याको विशाल पङ्क्ति उचित समायोजन तथा दिशानिर्देशको अभावमा किंकर्तव्यविमूढ अवस्थामा असरल्ल समूहमा परिणत भएका छन्। विगत शताब्दीदेखि नै नेपालको राज्य सञ्चालनका नायकहरूमा फेरबदल भइरह्यो। तर, राज्यको चारित्रिक प्रणाली उस्तै रह्यो- जनमैत्री, प्रजातान्त्रिक समतामूलक समाज भएको स्वाधीन र हरेक समुदायलाई आत्मनिर्भर बनाउने नेपाल कहिल्यै हुन सकेन। जनताप्रति राज्यसत्ताबाट केवल अबुझ, अज्ञानी, निमुखा र अभावले आक्रान्त दुईखुट्टे भेँडाहरूको भिड भएको व्यवहार भइरह्यो। देशले निकै ठुलो परिवर्तन गरेझैँ रोकिँदै बौरिँदै अङ्गीकार गरेको बहुदलीय व्यवस्था अधिकांश निष्पक्ष चुनावको नाटकमा मासुभात र भोटको मोलमोलाइको ठेक्कापट्टामा नै प्रजातन्त्र अनुभूति गर्न बाध्य बनाउने राजनीतिक प्रणालीमा रूपान्तरित भइसकेको छ।

१) 'आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास' पुस्तकले नेपालको आर्थिक विकासका लागि अहिलेसम्म मानिआएको कृषि र सम्बन्धित पेसालाई नै बढी जोड दिइएको छ। नेपालीको सामाजिक व्यवहार, सामान्य संस्कार, मनाइआएका चाडपर्व, उत्सव, रमाइलो आदि क्रियाकलापमा मात्र होइन दैनिक आवश्यकता आपूर्तिमा समेत कृषि कर्मले अत्यधिक भूमिका खेलेको छ। तथ्याङ्क विभागको आँकडा हेर्दा नै ६६ प्रतिशत (२०८२/८३) नेपालीको जीविकोपार्जन तथा समय लगानी खेतीमा आस्रित रहेको देखाइएको पाइन्छ। यो आँकडा अन्य उपार्जनका साधन लागू गर्न नसक्ने सत्तापक्षको राजनीतिक अवधारणाको नकारात्मक असरको कारणले गर्दा उत्पन्न भइरहेको छ। देशको कृषिसम्बन्धी खेतीपातीमात्र नभएर मत्स्यपालन, बागबानी, वन उद्यमलगायतको राष्ट्रिय आयमा योगदान ७३६० अरब रूपियाँ बराबरको आयआर्जन गत आर्थिक वर्षमा नै भएर मोटामोटी एक्लो यही शीर्षकमा कुल गार्हस्थ उत्पादनको २४ प्रतिशत माथिको आम्दानीको स्रोत बनेको छ। यस्तो महत्त्वपूर्ण पेसालाई भरथेग गर्न पहिले बनेका, भए चलेका कृषिऔजार तथा मल कारखाना, कपास र सुती कपडा उद्योगसमेत कौडीमा बिचौलियाको हात पारिदिने नौरङ्गी विभिन्न सत्ताबाट जनताले आस नगरेकाले लेखकले परम्परागत ज्ञानका आधारमा वैज्ञानिक व्यवस्थापनसहितको आधुनिक कृषिको अवधारणा अघि सार्नुभएको छ। कृषिमा लगानी र अर्जुनदृष्टि दिनुको मतलब कृषिमा जोडिने सम्बन्धित अरू उद्योगधन्दा र कलकारखानाको निर्माण पनि हो। नेपाली परिप्रेक्ष्यका मर्मज्ञ लेखक, नेपालकै जस्तो आर्थिक, सामाजिक तथा सांस्कृतिक परम्परा बोकेका समाजवादी देशको उदाहरण उपयुक्त सामग्री हुनाले किताबमा तथ्यसहित परिशिष्टमा राखेर अझ बढी प्रस्ट्याउन सफल हुनुभएको छ।

२) जनसङ्ख्या वृद्धि नेपालमा अहिलेको सामान्य समस्यामा पर्दछ, यसको मान्यता स्थापित गर्नुपर्ने कारणमा परिस्थितिले ल्याएको विकासले मानव चेतनामा पनि फड्को मारेकाले शैक्षिक विस्तार, जनस्वास्थ्यमा उल्लेखनीय सुधार, सञ्चार र यातायातको पउल भएर धेरै सन्तान धेरै समस्या भएर हो। बृहत् नेपाली जनशक्तिको वैज्ञानिक व्यवस्थापनमा जनसङ्ख्या मूल समस्या नहुने बरू यसको नीतिगत आवश्यकतानुसार विविधीकरणका शैक्षिक क्रियाकलापबाट उत्पादनमुखी बनाउन सकिने अवधारणा मिति पुग्ने तर्क र तथ्यसहित लेखकले प्रस्तुत गर्नुभएको छ। कुन देश आफ्ना जनताको गणना बढाउन चाहन्छ तथा कुन देश घटाउन चाहन्छ साथै किन भन्ने तर्क बलियोसँग राख्दै तथ्यसमेत उजागर गर्नुभएको छ। यसबाट नेपालीले बुझ्नुपर्छ कुनै धनाढ्य देशका साहुले आफ्नो व्यापारको हितमा गरिएको प्रचारको भरमा अमुक देशको जनसङ्ख्या नियन्त्रणको अपराध हामीले अन्धो भएर बोक्ने होइन बरू देशीय आवश्यकता र आफ्नो व्यक्तिगत हैसियतअनुसार यस विषयमा होस पुऱ्याउने हो।

लेखकको सरल तर गम्भीर अर्थपूर्ण कथनी छ, "मानिस जन्मँदा एक मुख र दुई हात लिएर जन्मन्छ।" आजसम्मका नेपाली सत्ताले जन-प्रशिक्षणका रूपमा आधुनिक आडम्बरयुक्त साधनको अभाव, अशिक्षा, यान्त्रिक सुखको अभाव, जति भए पनि गरिबीको वर्णन गर्न, ब्रह्माण्ड लुटेर भए पनि आफ्नो आर्थिक अवस्था मजबुत पार्ने देशको अवस्थाको स्वर्गीय आनन्दको मानसिक दास भजन सिकायो। तर, सकेको शैक्षिक आर्जन गरेर तिनै दुई हातले उत्पादनमुखी श्रमसँग जनतालाई एकजुट हुन सिकाएन, उल्टो खुला रूपमा नेपाली युवा भाडाका सिपाहीँ र युवती भारतीय यौनबजारमा लुकिछिपी निर्यात गर्ने काम सुरू भइरह्यो। बहुदलीय शासनको सुरूआतले देशभक्तहरूको आक्रोशले पहिला डराईडराई भएका त्यस्ता काम खुला व्यापार बने भने गणतन्त्र भन्ने सत्ताले त समानताको नाममा नेपाली युवतीलाई मागअनुसार अरब राष्ट्रहरूमा निर्धक्क आपूर्ति गर्ने गरेको सबैलाई थाहा छ। हिजोआज घोषितरूपमा काठमाडौँको हवाई अड्‌डाबाट वैदेशिक रोजगारमा जाने युवायुवतीको लर्को अहिले काठमाडौँ र सहरका भान्छामा प्रयोग हुने ग्यास पाइन्छ कि भनेर लाग्ने हारलाई जित्ने भइसकेको देखिन्छ। लेखकले यो किताबको पछिल्लो संस्करण निकाल्दा २०८१ मा नै वैदेशिक श्रम रोजगारमा जाने ८० लाख नाघेको उल्लेख गरेबाट, अहिले नेपाली सशक्त जनशक्ति करिब एक करोडको हाराहारीमा बाहिरिएको अवस्था पुगिसकेको एक अनौपचारिक भनाइलाई ठीक मान्नुपर्ने हुन्छ।

३) विकासको भाष्य नै बिगार्ने गरेर पहिलेदेखि नै गरिएको देशीविदेशी षड्‌यन्त्रमा नेपालीहरू अल्झिँदै, रङमडिँदै रहे भने सत्ताबाट विकास भनेकै अनौठो वस्तुको रूपमा चित्रित हुने




गरेर 'विकासको फल चाख्न दिने' हुङ्कारसाथ एकदलबाट बहुदल आएको थियो। दलीय प्रतिस्पर्धामा खुला बजार कायम गर्ने र सरकारले जिम्मा लिनुको सट्टा आफ्नै लठैतहरूको प्यादा-वर्ग चरित्र नभएका मजदुर दलहरूका हानथापले तनाहा बन्दै गएका उद्योग र कलकारखाना बिग्रेका पत्रु सामानको मूल्यमा बिक्री-वितरण गर्नु नै प्रजातान्त्रिक अभ्यास ठहऱ्याइयो। बहुदलीय प्रणालीमा देशभक्तिको जगमा जनश्रमको उचित कदर गर्दै सामूहिकताको भावनाले आत्मनिर्भरताको आर्थिक प्रणाली अघि ल्याउनु साटो व्यक्तिवादी स्वच्छन्दता र जसरी भए पनि चाँडै धनी भएर राजशाही कल्पित जीवन बिताउने दुस्वप्न बाँड्न थालियो। अझ गणतान्त्रिक सङ्घीयताको नाममा देशभित्र रहेका विविध समुदायबिचमा अधिकार र प्राथमिकताको आयातीत गन्धे हावाको मुस्लोले वर्गीय सामूहिक सोचाइ निखारी दियो। 'म भन्न जान्ने तर हामी भन्न नआउने', 'मलाई के फाइदा भन्न जान्ने तर नेपाललाई के फाइदा हुन्छ ?' भन्न नचाहने जमात तयार हुँदै गयो। नेपालमा बहुदल आएपछि बढी चलखेल गरेर मडैया मारेका दलहरूका नेतृत्वदायी समूहले भारतमा सङ्कटकालकी इन्दिरा गान्धीजस्तै चरित्र विकास गरिसकेका थिए र इमानी कार्यकर्ता 'झोले' मा परिणत हुन बाध्य भए। यसैको फलस्वरूप आफ्नो राष्ट्रिय कर्तव्यमा खडेरी पारेर, विश्वमा स्थापित राजनीतिक, सैद्धान्तिक, दार्शनिक आधारविपरीत आलोकाँचो उमेरमा भँडुवा परचक्रिका इसारामा क्षणिक व्यक्तिगत लाभमा नेपालका किशोरकिशोरीहरूको सानो समूहलाई उल्क्याउनु उल्क्यायो। उनीहरूको सानो समूह झिल्कोले वन डढेलोझैँ माध्यमिक विद्यालय तहका धेरै त्यस उमेरका अबोध समूहको निष्कञ्चन चेतनालाई विक्षिप्त बनाउन सफल भयो। यी सबै चोचोमोचोको गठजोड नै नेपालमा पछिल्लो समयको सत्ता परिवर्तनको नाटकीय मञ्चन भएको सबैलाई थाहा भएकै वास्तविकता हो।

उक्त समस्याहरू दृष्टिगत गरेरै होला लेखक शिक्षा पक्षलाई श्रमसँग जोडेर रचनात्मक र सकारात्मक सोचका जनशक्ति तयार गरेर विकासको सार्थक प्रस्तुति गर्नुपर्ने दिशानिर्देश गर्न पछि पर्नुभएको छैन। शताब्दीऔँदेखि भुइँमा काइलागेझैँ कटकटिएको नेपालमा केही हुँदैन वा अमूक देशजस्तो कहिले बन्छ ? वा 'बरू अर्काको देशमा बिलय हुन पाए त्यस देशको मुद्रामा कमाइ त हुन्थ्यो' भन्ने खालका अति दास मनोवृत्तिलाई हिलेमाछा पछारेर मारिने खालको उपमाका साथ व्याख्या गर्ने शीर्षक राखेर किताबको एक अध्याय 'के नेपाल आफ्नै खुट्टामा उभिन सक्छ ?' मार्फत स्वावलम्बन र विकासबाट आत्मनिर्भरताउन्मुख नेपालको परिकल्पना लेखकले गर्नुभएको छ। त्यसैले, त आधुनिक भनाउँदाको आकर्षणले स्वर्ग साबित गरिएका देशहरूका समृद्धिलाई तथ्यसहित प्रस्ट आकलन गर्दै बेलायतलाई 'उपनिवेश लुटी उठेको बेलायत', फ्रान्सलाई 'ब्याज खाई पल्टेको फ्रान्स', जर्मनीलाई 'जमिनबाट फस्टाएको जर्मनी', जापानलाई 'पश्चिमको सिको गर्ने जापान', अमेरिकालाई 'एकाधिकारबाट उदाएको संरा अमेरिका' निर्धक्क दर्ज्यानी दिई अलगअलग लेख प्रस्तुत गर्न लेखकले सक्नुभएको छ।

स्वाङ्गे विकास, समृद्धि र व्यक्ति स्वतन्त्रताको विश्वमा डङ्का पिटे पनि सर्वसाधारण औसत जनता अझै सामाजिक अस्तित्वको दुर्दशामा रहेका उपरोक्त देशहरूको तुलनामा माथिल्लो स्तरको सम्पन्नतासहित खुसहाली रहेका देशहरूको वर्णनमा पनि लेखक उत्तिकै सक्रियतापूर्वक उजागर गर्न सफल हुनुभएको छ। सोभियत सङ्घबारे 'मजदुर-किसान-बुद्धिजीवीको सोभियत विकास' भनी अक्टोबर क्रान्तिपछिको समाजवादी रूसले गरेको योजनाबद्ध प्रगति तथा समाजवादी अर्थतन्त्रको साथै नेतृत्वमा रहेका लेनिन र स्तालिनको प्रशंसा पनि छ। 'बोल्सेभिकहरूले हत्याउन नसक्ने कुनै किल्ला छैन' भन्ने स्तालिनको अजम्बरी भनाइ पछ्याउँदै रूसी जनताले पञ्चवर्षीय योजनाका लहरहरू अघि लगाएर तोकिएअनुसार उद्योगधन्दा, कलकारखाना तथा आधुनिक सामूहिक खेतीमार्फत पुँजीवादीले खिसिटिउँरी गरेको सोभियत सत्तालाई सर्वप्रिय प्रणाली साबित गरिदिए। साम्राज्यवादी चपेटामा गरिएको पितृभूमि विभाजन भए पनि उत्तर कोरियाको द्रुत विकासलाई हौसला दिँदै लेखक, 'स्वदेशी पसिनाबाट बनेको प्रजग कोरिया' मा उत्तरी कोरियामा सोभियत जनक्रान्तिकारी सरकार बनेर सामन्तवाद र साम्राज्यवादका षड्‌यन्त्र चकनाचुर पार्दै प्रजग कोरियाले नौला कानुनहरू स्थापित गर्दै क्रान्तिकारी भूमि वितरण तथा सामूहिक खेती प्रणाली लागू गरेको लेख्नुहुन्छ।

कोरियाले स्वाधीन अर्थतन्त्रको जग बसाल्न पश्चिमा साम्राज्यवादीसँग आर्थिक सहायता वा ऋृण नलिने दृढ सङ्कल्प लियो। समाजवादी निर्माणका लागि पञ्चवर्षीय योजना लागू गरियो र कृषिमा सहकारी आन्दोलन बढायो भने उद्योगमा 'सबै कल-कारखाना मजदुरलाई' अभियानका साथ अघि बढ्दा एक वर्गकिलोमिटरमा १८ बम खसालेर ध्वस्त पारिएका सहरहरू केही वर्षमा नै झकिझकाउ भएका थिए। राजधानी प्योङयाङ १०० वर्षमा पनि पुनर्निर्माण नहुने पश्चिमाको आकलनलाई इख गरेरै कोरियाली जनताले स्वावलम्बी नीति, समाजवादी नेतृत्वको अगुवाइमा हरेक काउन्टीमा उद्योग स्थापना गरेर औद्योगिक राजधानी बनाई एसियामा नै पहिलोचोटि प्रजग कोरियामा माध्यमिक शिक्षामा निःशुल्क तथा अनिवार्य गरियो। हुँदाहुँदा चुन ढुङ्गाबाट कपडा कारखाना, पञ्चवर्षीय योजनाका लक्ष्य चार वर्षमा पूरा, उत्पादनमा कैयौँ गुणा वृद्धि, काम नलाग्ने भनिएका बाँझो पहाडी क्षेत्रमा खेती, समुद्रको ज्वारभाटा तह लगाउने बाँध, आठ किलोमिटर लामो पुलमात्र बनाई चमत्कार गरेन १९७१ देखि लागू गरिएको छवर्षे योजना पछि प्रजग कोरिया करमुक्त देश भएको घोषणासमेत भयो। पुस्तकको अन्त्यतिर हाम्रा छिमेकी देश चीन, भारत र बुर्जुवाहरूको स्वर्ग वर्णित संरा अमेरिकाको आर्थिक स्थितिको तुलनात्मक सार बुँदागत प्रस्तुत गरेर लेखकले अध्ययनको मिहीन तरिका हुनुपर्ने दृष्टिकोण पाठकलाई पनि निर्देश गर्नुभएको छ।

सङ्क्षेपमा भन्ने हो भने आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास पुस्तक विभिन्न समाचार पत्रिकामा पूर्व छापिएका नारायणमान बिजुक्छेँ अर्थात् प्रसिद्ध समाजवादी नेता रोहितले परिश्रमपूर्वक लेख्नुभएको लेखहरूको सङ्कलन हो। चालिसको दशकमा लेखिएका लेखहरूको सङ्कलन २०४६ असारमा किताबको आकारमा आएको हो। तर, इमानसाथ भन्ने हो भने समाजवादी चिन्तक भएकोले नै उहाँका करिब चार दशकअघिका धारणा नेपालको परिप्रेक्ष्यमा असीको दशकमा पनि उत्तिकै सान्दर्भिक तथा मननयोग्य भएका छन्। हाम्रो देशको भौगोलिक बनावट, माटोको अवस्था, गुण, हावापानी, जलवायु, उत्तरमा विशाल हिमालयको उपस्थितिले अध्यक्ष रोहितले अघि सार्नुभएका सत्ता र सुविधाको जनस्तरमा विकेन्द्रीकरण, ठुला ऋृणयुक्त विद्युत् आयोजनाका सट्टामा साना जलविद्युत् उत्पादनका पहाडी खोलाका परियोजना बढी फलदायी होइनन् र ? सैनिक ट्याङ्क र युद्धसामग्री ओसार्न सजिलो हुने पूर्वपश्चिम वा दक्षिण उत्तर राजमार्गको निर्माणमा अग्रसर भई ऋृण बोक्नुभन्दा हामीलाई आधारभूत रूपमा यातायातमा चाहिएको पर्यटक मार्ग, घोडेटो बाटो, रज्जुमार्गको निर्माण र व्यवस्थापन नै प्राथमिकतामा पर्ने ध्रुवसत्य तथ्य होइन र ?

परम्परागत साधन स्रोतको नाममा हेलामा परेर हाम्रो देशबाट विदेशीले अति सस्तोमा ओसारी रहेका जडिबुटी, खानीका अप्रशोधित धाउ बरू नेपालमै प्रशोधनको व्यवस्था गरी विकसित उत्पादन बनाउनपट्टि लागेर आधारभूत संरचना निर्माणले आत्मनिर्भरताको दिशा पो पक्रनुपर्छ। अध्यक्ष रोहितले नेपालमा बहुदल आएको ताका लेख्नुभएका यस्ता विविध रचना सायद आफूलाई जनपक्षीय भनाउन वा अझ कम्युनिस्ट पार्टीको नाम निधारमा टाँसी संसदीय चलखेलमा निम्नवर्गका जनताको ओड पाइन्छ भनी उदाएका नौरङ्गी दलहरूले उठाउनुपर्ने मूल मुद्दाको रूपमा यस्ता कुरा अघि सार्नुभएको होला। अरू विपरीत मतालम्बीहरूले जेसुकै गरून् तर जनताको हितमा सोच्ने, लेख्ने र साँचो काम गर्न चाहनेले नेपालको सन्दर्भमा मान्यता बनाउँदा उहाँका तर्क, विचार तथा दिशालाई पछ्याउँदा जोखिम पक्कै हुनेछैन। अझ, एक दशकअघिको भूकम्प, अनि बाढी पहिरो र यस वर्षको लाङटाङ हिमालको उत्तरी ढलोबाट सुरू भएको हिउँ पहिरो, त्यसले जमेर ताल बन्दै पानी सञ्चय गरेर केरूङदेखि त्रिशुलीमा आएको नसोचेको अजङको बाढीले गरेको तटीय क्षेत्रमा जनधनको क्षति पछि योजनाविद् र देशको बागडोर हातमा लिएकाको विकासबारे धारणामा सच्याउने आधार धेरै भएका छन्।

यतिखेर विश्वव्यापी चलेको विज्ञानका ठेकेदार व्यापारीहरूबाट सिर्जित फगत 'वातावरण विनाश र तापक्रममा वृद्धि' को स्पर्श नहुने नारालाई उराल्नु भनेको नबोल्ने भगवान्‌को भर पर्नु र जुनसुकै आफ्नो कुकर्म पनि भाग्यमा लेखेको भनी चित्त बुझाएझैँ हुन्छ। तथाकथित वातावरणविज्ञ भनाउँदा, अन्तर्राष्ट्रिय वातावरण महासन्धि, समझदारी हाकाकाकी लत्याउने विश्वको धुर्त पुँजीवादी मुलुकलाई आफ्नो धर्मपिता मानेर विरूद्धमा चुँसम्म गर्दैनन्। बरू परम्परागत व्यवहारले वातावरण सन्तुलनमा रहेका तेस्रो विश्वका मुलुकहरूमा ठालु बनेर आई बडो विज्ञ देखाएर परम्परागत ज्ञानविरूद्ध 'यसो गर, उसो गर !' भन्न लाज मान्दैनन्। अझ दिक्कलाग्दो कुरा त आफ्नोमा फेल भएका कुराहरूको प्रयोग गरिब राष्ट्रमा थोपर्छन्, ओखतिमा त अन्यायपूर्वक नै परीक्षण गरिएको छ भने लाजमर्दो त त्यतिखेर हुन्छ जब 'विदेशी डलरे विज्ञ' ले अप्रमाणित धर्मको प्रचार गर्न पनि पछि नपरेका देखिन्छन्। गत भूकम्पको बेला राहत दिन आएका र आम चुनावमा स्वतन्त्र पर्यवेक्षण गर्न आएका विदेशी षड्‌यन्त्रकारी राष्ट्रका मानिसबाट भएका कर्तुतबाट नाङ्गो प्रदर्शन भएको नेपालीले बिर्सेका छैनन्।

त्यसैले, आत्मनिर्भरतामा आधारित व्यवस्थित योजनाबद्ध विकासको अवधारणा लागू नभएका हरेक देशलाई यसरी नै प्रकृतिले पनि दण्ड दिइरहन्छ र तथाकथित प्रलय आइरहन्छ। नेपालका हरेक राजनीतिक दलले मेची महाकालीको सीमाभित्रको अहिलेको नेपालमा योजनाबद्ध जनपक्षीय सोचाइ बनाउन व्यक्तिगत स्वार्थबाहेक के कुराले छेक्छ र ? संसदीय आहलमा हुँडलिन सजिलोका लागि विकासको गलत भाष्य प्रस्तुत गरेकोमा 'क्षमा माग्दै' अब तिनीहरूले बेइमान ढँटुबारे होइन भनी साबित गर्न अध्यक्ष रोहितको यो सानो पुस्तिकाबाट ज्ञान चक्षु खोल्ने बेला भएन र ?

२०८३ भदौ २६

***समाज...***

सहुलियतपूर्ण र उत्पादनमुखी कर्जा विस्तार गर्न सके उपभोक्ताहरूले राहत पाउनेछन्। कर प्रणाली पारदर्शी मात्र होइन जनमुखी र प्रगतिशील हुनुपर्छ। शोषणको संरचना समाप्त गर्ने नीति ल्याउनु जरुरी छ। यस्तो बन्दोबस्त नभएसम्म बहुमत जनताले सन्तोषको सास फेर्न पाउने छैनन्।

नयाँ सरकारले देश र जनताको निम्ति कुनै नयाँ कार्य गरेर जनतालाई उत्साहित गर्ला, सेवा गर्ला भन्ने नेपाली जनतामा विश्वास थियो। जनतामा छाएको त्यो विश्वास लागू हुन नपाउँदै सरकारको गलत निर्णय र कार्यको विरोध बढ्यो। विरोधको स्वर गुञ्जियो। सरकारप्रतिको विश्वास गुम्दै गयो। एकातिर शासक या सरकार आफैँ विश्वस्त छैन भन्ने स्वर गुञ्जियो भने अर्कोतिर विश्वास गर्ने खालको काम भएको देखिँदैन। जनताको आशा र विश्वासमा घात भएको छ। आकर्षक नारा दिएर, मिठा मिठा भाषण खोकेर परिवर्तन हुने होइन। विद्यालयमा दुई दिन बिदा दिनु, कर्मचारी सेना, प्रहरी शिक्षकहरूलगायतको पारिश्रमिक बढाउनु मौलिक परिवर्तन होइन। युवाहरूको नेतृत्वमा सरकार गठन गर्नु मौलिक परिवर्तन होइन। बहुमत जनताको सेवा या हित हुने ऐन कानुन बनाए पो त्यो मौलिक परिवर्तन हुन्छ। जनताको काम - मामको सुनिश्चित गरे पो मौलिक परिवर्तन हुन्छ। योग्यताअनुसार काम, कामअनुसार ज्याला र आवश्यकताअनुसार माग पूरा भए पो परिवर्तन हुन्छ। सरकारले जनताको त्यस्तो राहत हुने कुनै काम गरेको छैन। अत: सरकारको नेतृत्व फेर्नु या नयाँ सरकार गठन हुनु मौलिक परिवर्तन होइन।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

KHWOPA COLLEGE OF LAW Estd. 2022 BHAKTAPUR

# ख्वप कलेज अफ ल

देकोचा, भक्तपुर-६

## कर्मचारी आवश्यकता सम्बन्धमा सूचना

**ख्वप कलेज अफ ल** को लागि देहायबमोजिमको कर्मचारी आवश्यक भएको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले २०८३ असोज १३ गतेभित्र आफूले हासिल गरेको योग्यता र तालिमको प्रमाणपत्रको प्रतिलिपिसहित कलेजले उपलब्ध गराएको फाराम भरी बुझाउन सूचित गरिन्छ।

| पदको नाम/सेवा | तह | आवश्यक सङ्ख्या | आवश्यक न्यूनतम योग्यता | कैफियत | फाराम र परीक्षा दस्तुर | परीक्षाको किसिम | ग्राह्यता |
|---|---|---|---|---|---|---|---|
| कम्प्युटर अपरेटर/अस्थायी | सहायक स्तर पाँचौं | १ | • मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा<br>• मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिस्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम वा<br>• मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि सञ्चालित ६ महिनाको कम्प्युटर तालिम | Bachelor of Engineering (Computer/ Electronics and Communication, Information Technology), B.Sc. CSIT, BIT वा सो सरह उत्तीर्ण भएकाले पनि निवेदन दिन सकिनेछ। | रू.७००।- | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता | सार्वजनिक खरिद ऐनसम्बन्धी जानकारी भएको |

**नोट :**

१. **उमेरको हद :** १८ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने।
२. **परीक्षा फाराम लिने र बुझाउने समय :** बिहान ८:०० बजेदेखि दिनको २:०० बजेसम्म
३. **परीक्षासम्बन्धी जानकारी :** २०८३ असोज १५ गते प्रकाशित गरिनेछ।
४. रीत नपुगी वा म्याद नाघी आएको निवेदनउपर कुनै कारबाही हुनेछैन।

## औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।

तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## "नेपालको राष्ट्रिय खेल - भलिबल"

भक्तपुर जिल्ला भलिबल सङ्घको छैटौं साधारणसभा २०८३ भदौ ३१ गते बुधबार बिहान ८ बजे भक्तपुर नगरपालिका १ नं. वडा कार्यालयको सभा कक्ष, मिनिबसपार्क भक्तपुरमा हुने भएकोले सम्पूर्ण प्रतिनिधिहरू, भलिबल खेलाडी र खेलप्रेमीहरूको उपस्थितिको लागि अनुरोध गर्दछु।

**बिनोदचरण राय**
**अध्यक्ष, भक्तपुर जिल्ला भलिबल सङ्घ**

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं।

# ३२औं वार्षिक साधारणसभा

संस्थाको **३२औं वार्षिक साधारणसभा** देहायका मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदै सम्पूर्ण शेयर सदस्यहरूलाई सभामा **अनिवार्य आ-आफ्नो परिचयपत्रसहित** उपस्थित भइ दिनुहुन सूचित गराइन्छ।

| मिति | उपस्थिति | औपचारिक कार्यक्रम समय |
|---|---|---|
| २०८३ असोज १७ गते, शनिबार | बिहान ७:00 बजेदेखि ५:00 बजेसम्म | दिउँसो १:00 बजेदेखि |

**स्थान**
**महेश्वरी बैङ्क्वेट, थुसाँचा**

***पुनश्च :*** *मिति २०८३/०६/१६ गते शुक्रबार बिहान ०७:०० बजेदेखि ५:०० बजेसम्म*
*१) सिद्धि गणेश सहकारी भवन, चोर्चा (**सदस्य नं. १ देखि ८००० सम्मका सदस्यहरू**)*
*२) सिद्धि गणेश तालिम हल, खँचामा (**सदस्य नं. ८००१ देखि माथिका सदस्यहरू**)*
*सुझाव तथा उपस्थिति पुस्तिका खुला रहने जानकारी गराइन्छ।*

**सञ्चालक समिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

# चोछेँ छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.

चोछेँ-६, भक्तपुर, फोन नं.: ०१-६६१९१९६, **Email:** ccgsacos07@gmail.com

## १९औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको २०८३ भदौ १९ गते बसेको सञ्चालक समितिको ४८२ औं बैठकको निर्णय अनुसार संस्थाको उन्नाइसौं वार्षिक साधारणसभा देहाय बमोजिमको विषय उपर छलफल एवं पारित गर्न देहायको मिति, समय र स्थानमा हुने भएकोले सदस्यहरूको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**छलफलका विषयहरू :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन तथा सचिव/कोषाध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत एवं पारित गर्ने।
२) आ.व. २०८२/०८३ को वार्षिक कार्य प्रगति प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रम प्रस्तुत एवं पारित गर्ने।
३) आ.व. २०८२/२०८३ को वासलात, नाफा/नोक्सान हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन प्रस्तुत एवं पारित गर्ने र आ.व. २०८३/०८४ को अनुमानित आयव्यय प्रस्तुत एवं पारित गर्ने।
४) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत एवं पारित गर्ने।
५) आ.व. २०८३/२०८४ को लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने।
६) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम लाभांस एवं सुविधा खर्च प्रस्तुत तथा पारित गर्ने।
७) सञ्चालक समिति लगायत अन्य समिति, उपसमितिले गरेका निर्णयहरू अनुमोदन गर्ने।
८) वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा दस्तखत गर्न सञ्चालक समितिको तर्फबाट र शेयर सदस्य महानुभावहरूको तर्फबाट नाम मनोनयन गर्ने।
९) विविध।

**साधारणसभा हुने मिति, समय र स्थान :**

मिति : २०८३ असोज १८ गते, आइतबार
समय : बिहान ११:00 बजे
स्थान : महाकाली पीठ, महाकालीस्थान, ब्यासी-२, भक्तपुर

**पुनश्च :**

- साधारणसभामा भाग लिन परिचयपत्र वा पासबुक लिई सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ।
- उपस्थिति हाजिरी बिहान १०:०० बजेदेखि कार्यक्रम अवधिभर हुनेछ।
- २०८३ असार मसान्तसम्मको नियमित बचत नगर्ने/ऋणको ब्याज नतिर्ने सदस्यहरूलाई संस्थाले प्रदान गर्ने खाजा खर्च/संरक्षित पुँजी कोष फिर्ता खर्च प्रदान गरिने छैन।
- साधारणसभाबाट पारित लाभांस एवं सुविधा रकम सम्बन्धित सदस्यको नियमित बचत खाता जुनसुकै बेला निकाल्न मिल्ने गरी जम्मा गरिनेछ र रकम भुक्तानी लिन चाहनेहरूलाई २०८३/०६/२० गते मङ्गलबारदेखि संस्थाबाट वितरण गरिनेछ।
- २०८३ असार मसान्तमा ७५ वर्ष नाघेका ज्येष्ठ सदस्यहरूलाई सम्मान गर्ने कार्यक्रम भएको हुँदा २०८३/०६/१० गतेभित्र संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सञ्चालक समिति**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा